# प्रभाव दैनिक
National Daily


वर्ष १२ | अंक ६९ | काठमाडौं | मंगलबार, १७ असार २०८२ | Prabhab National Daily | Tuesday, July 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# निजामती विधेयकमा 'बाहेक' शब्द घुसाइएपछि 'कुलिङ पिरियड' निष्प्रभावी

- विधेयकको उपदफा ५ मा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन' भन्ने उल्लेख ।
- तर, 'बाहेक' शब्द कसले घुसायो भन्नेमा सांसदहरु नै अनभिज्ञ
- राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको विधेयकमा उक्त शब्द नभएको समिति सभापति रामहरि खतिवडाको भनाइ
- कुलिङ पिरियड हटाउने लबिइङमा थिए मुख्यसचिव एकनारायण अर्याल र सचिवहरु




■ जेबी योञ्जन

**काठमाडौं–** राजकीय र संवैधानिक नियुक्तिमा निजामती कर्मचारीलाई रोक्न दुई वर्ष 'कुलिङ पिरियड' राखेका सांसदहरू यतिबेला चकित छन् । आइतबार पारित संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा कुलिङ पिरियड नै निष्प्रभावी पार्नेगरी 'बाहेक' शब्द घुसाइएको पाइएपछि उनीहरू अचम्मित भएका हुन् ।

२ जेठमा राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको विधेयकमा उक्त शब्द नभएको समिति सभापति रामहरि खतिवडाले बताए । उनका अनुसार समितिको प्रतिवेदनको बुँदा नं. ४३ मा लेखिएको थियो- निजामती वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।

यो बुँदा मूल विधेयकको दफा ८२ को उपदफा ४ मा समावेश गर्ने प्रतिवेदनमा भनिएको छ । प्रतिनिधिसभाबाट पारित विधेयकमा भने यस प्रावधानलाई निष्प्रभावी बनाउनेगरी उपदफा ५ मा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन' भन्ने उल्लेख गरिएको छ ।

खतिवडाले प्रभावसँग भने, 'हामीले जे राखेका छौं, दुई वर्षमा केही नदिने भनेर राखेका हौं । त्यही हाम्रो अडान हो । तल (दफा) ५ मा बाहेक भन्ने शब्द राखिएको रहेछ । त्यो किन र कसले राखेको हो, हामी बुझ्दै छौं ।' उनले 'बाहेक' शब्द राख्न नपाइने बताउँदै कुलिङ पिरियड कायम गरिने उल्लेख गरे ।

▶▶ क्रमशः पृष्ठ २ मा



हामीले जे राखेका छौं, दुई वर्षमा केही नदिने भनेर राखेका हौं । त्यही हाम्रो अडान हो । दफा ५ मा बाहेक भन्ने शब्द राखिएको रहेछ । त्यो किन र कसले राखेको हो, हामी बुझ्दै छौं । हिजो समितिले जे टुंगो लगाएको थियो, त्यसबाट दायाँबायाँ हुँदैन । कुलिङ अफ पिरियड राख्छौं र अहिले जे छ, सच्चिन्छ ।

■ **रामहरि खतिवडा**
**सभापति, राज्य व्यवस्था तथा सुशासन समिति**

# कांग्रेस केन्द्रीय समितिमा चीनको प्रश्नदेखि शेखरको असन्तुष्टि



पार्टी केन्द्रीय कार्यालय सानेपामा सोमबार बसेको नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक । *तस्विर: रासस*



हामी अहिले महाधिवेशनको वर्षमा छौं । २०८२ सालको मंसिर महिनामै १५औं महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु । यदि हुन सक्दैन भने के कारणले र किन हुन सक्दैन सभापतिज्यू र पदाधिकारीले चित्त बुझ्दो जवाफ दिनुपर्‍यो ।

■ **डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** विधानमा दुई महिनामा एकपटक केन्द्रीय समिति बैठक बस्नैपर्ने प्रावधान छ, नेपाली कांग्रेसको । तर एकैसाथ नौ महिनापछि कांग्रेस केन्द्रीय समिति बैठक सुरू भएको छ । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आइतबारबाट सुरू भएको बैठकमा सुरूमै गठबन्धनको आयुबारे चीनले राखेको प्रश्नबाट सुरू भएको थियो ।

गत जेठ ३० मा कांग्रेस केन्द्रीय सदस्य बलबहादुर केसीको नेतृत्वमा १७ सदस्यीय टोली चीनतिर लागेका थिए । पाँच दिने भ्रमणका क्रममा केसीलाई चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले अहिलेको सरकारको आयुबारे प्रश्न गरेका थिए । यसैगरी नयाँ दलहरूको बारेमा पनि सोधेका थिए ।

सोही विषय आफूले केन्द्रीय समितिमा राखेको केसीले बताए । 'हामी १७ जना चीन गएका थियौं । त्यही विषयको प्रस्तुति मैले केन्द्रीय समितिमा राखें,' केसीले भने । केसीले गठबन्धन सरकार दुई दलीय सम्झौताअनुसार नै जाने र कुनै खटपट नरहेको रिपोर्ट आफूले दिएको बताए ।

उनले नयाँ दलहरूमा पुराना दलमा जस्तो अनुभव नरहेकोले लामो समय नजाने जवाफ चिनियाँ नेताहरूलाई दिएको केन्द्रीय समितिमा बताएका थिए ।

बैठकमा केन्द्रीय सदस्यहरूले बोल्ने क्रम जारी छ । १०० दिने अभियानका प्रतिवेदन, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको निर्देशिका संशोधन र प्रतिष्ठानको प्रतिवेदन, अनुशासन समितिको प्रतिवेदन, क्रियाशील सदस्यता नवीकरण प्रगति विवरण, केही भ्रातृ संस्थाबारे निर्देशक समितिको रायका आधारमा उपयुक्त निर्णय र नेपाली जनसम्पर्क समितिको व्यवस्थापन र बिस्तार सम्बन्धमा केन्द्रीय सदस्यहरूले धारणा राख्ने विषयक्रम रहेको छ ।

▶▶ क्रमशः पृष्ठ २ मा

## १५औं महाधिवेशनबारे प्रश्नैप्रश्न

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा नेताहरूले १५औं महाधिवेशन तोकिएकै मितिमा हुनुपर्नेमा किन हुन नसकेको भन्दै प्रश्न गरे । संस्थापनइतरका नेता डा. शेखर कोइरालाले यस विषयमा पार्टी सभापति शेरबहादुर देउवाले चित्तबुझ्दो जवाफ दिनुपर्ने माग गरे । 'हामी अहिले महाधिवेशनको वर्षमा छौं । २०८२ सालको मंसिर महिनामै १५औं महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु । यदि हुन सक्दैन भने के कारणले र किन हुन सक्दैन सभापतिज्यू र पदाधिकारीले चित्तबुझ्दो जवाफ दिनुपर्‍यो,' कोइरालाले भने ।

कांग्रेसको १५औं महाधिवेशन विधानअनुसार अबको पाँच महिनामा हुनैपर्छ । महाधिवेशन केन्द्रीय समितिले छ महिनाअघि नै घोषणा गर्नुपर्ने हुन्छ । तर कांग्रेसले अझै पनि क्रियाशील सदस्यता टुंगो लगाउन सकेको छैन । क्रियाशील सदस्यता विवाद टुंगो लगाउन कांग्रेस सभापति देउवाले महामन्त्री गगन थापालाई जिम्मा दिएका छन् । गत कात्तिकमा क्रियाशील व्यवस्थापन समिति गठन भएर पटक-पटक म्याद थप गर्दा पनि असार १२ गतेसम्म पाँच जिल्लाको मात्र क्रियाशील सदस्यता विवरण केन्द्रमा आइपुगेको महामन्त्री थापाले बताए ।

▶▶ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कुवेत छोड्न आजदेखि बहिर्गमन अनुमति अनिवार्य




■ प्रभाव संवाददाता

**काठमाडौं–** कुवेतमा आज (मंगलबार) बाट लागू हुने बहिर्गमन अनुमति (एक्जिट पर्मिट) करिब २२ हजार जनाले पाएका छन् । आजबाट निजी क्षेत्रमा कार्यरत आप्रवासी श्रमिकले कुनै कारणबस मुलुक छोड्न परेमा अनिवार्यरूपमा एक्जिट पर्मिट लिनुपर्ने छ । यो प्रावधानले गैरकानुनीरूपमा कुवेत छिर्ने र त्यहाँबाट बाहिरिने प्रवृत्तिको नियन्त्रण गर्दै श्रमबजारलाई सुरक्षित बनाउने त्यहाँको सरकारले जनाएको छ । आर्थिक तथा कानुनी दायित्व पूरा नगरी मुलुक छोड्नेहरूलाई समेत यसले नियन्त्रण गर्ने जनाइएको छ ।

कुवेतको सार्वजनिक श्रम प्राधिकरणका अनुसार प्राधिकरणको वेबसाइट र साहेल एपबाट करिब २२ हजार जनाले मुलुक छोड्ने अनुमति पाएका छन् । स्वदेश फर्किन चाहने व्यक्तिले अनुमति लिनका लागि साहेल एप वा प्राधिकरणको वेबसाइटमा गई सिभिल आइडी र आफ्नो व्यक्तिगत विवरणहरू राख्नुपर्छ । त्यसपछि रोजगारदाताले साहेल बिजनेस एप वा सोही एपमार्फत स्वीकृतिको प्रक्रिया अघि बढाउँछन् । त्यसपछि सिस्टमले रोजगारदाता र रोजगारकर्ताको अवस्थाको प्रमाणीकरण गरेर अनुमति दिन्छ ।

त्यहाँका अधिकारीहरूका अनुसार डिजिल पर्मिट सिस्टमलाई २४सै घण्टा र हप्ताको सातै दिन सञ्चालन गरिने छ । ढिलासुस्ती नहोस् भनेर साप्ताहिक बिदा र चाडवाडको समयमा पनि काम भने हुने जनाइएको छ । यदि प्राविधिक समस्या आएमा प्राधिकरणको नजिकैको शाखामा तत्कालै खबर गर्न भनिएको छ । मुलुक छोड्नुभन्दा सात दिन र २४ घण्टाको विचमा बहिर्गमन अनुमति लिएको हुनुपर्ने जनाइएको छ ।

कुवेतमा सरकारी क्षेत्रमा कार्यरतहरूले देश छोड्नुअघि मन्त्रालयबाट बहिर्गमन अनुमति लिनुपर्ने प्रावधान भए पनि निजी क्षेत्रका लागि यस्तो प्रावधान पहिलोपटक कार्यान्वयनमा ल्याइएको हो । यसअघि रोजगारीमा गएका श्रमिक कुनै पनि बेला मुलुक छोड्न सक्थे । यो प्रावधानको समर्थनमा सूचना जारी गर्दै जजिरा एयरलाइन्सले पनि अनुमति नलिएको यात्रुहरूले यात्रा गर्न नपाइने भनेको छ ।

▶▶ क्रमशः पृष्ठ २ मा

# 'बाध्यात्मक वैदेशिक रोजगार अन्त्य गर्न काम हुँदै छ'



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले युवाहरूले देशभित्रै गर्न सक्छु भन्ने दृढ आत्मविश्वास जगाउनुपर्ने बताएका छन् ।

सोमबार राष्ट्रिय युवा परिषद्द्वारा आयोजित युवा उद्यमशीलता प्रवर्द्धन सम्मेलनमा बोल्दै मन्त्री भण्डारीले ऊर्जावान् युवा देशको प्रमुख शक्तिस्रोतको रूपमा रहेको बताउँदै उनीहरूले स्वदेशमै उद्यमशीलता गर्नुपर्ने बताएका हुन् । मन्त्री भण्डारीले बाध्यात्मक वैदेशिक रोजगारलाई अगामी १० वर्षभित्र अन्त्य गर्नका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशकको रूपमा कार्यक्रम घोषणा गरिएको बताए ।

'वैदेशिक रोजगार स्वेच्छिक हुनुपर्छ, बाध्यमात्मक हुनुहुँदैन । स्वेच्छाले जानेहरूलाई रोक्न सकिँदैन । तर, रोजगारी नपाएर बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारमा जानेहरूलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न श्रम मन्त्रालय संरचना र नीति निर्माणसहित कार्य गरिरहेको छ,' उनले भने ।

▶▶ क्रमशः पृष्ठ २ मा

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा

**अत्यन्त जरुरी सूचना !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार मसान्तभित्र** भुक्तानी गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं ।

अन्यथा, यस अवधिभित्र हिसाब फछ्यौट तथा मिलान नगरिएमा यस कम्पनीको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने जानकारी समेत गराउँदछौं ।

अतः सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६९, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमशः

## कांग्रेस...

यस्तै, शुभेच्छुक संस्थाबारे छलफल, कार्यसम्पादन समिति बैठकको निर्णय अनुमोदन, जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका पारित गर्ने सम्बन्धमा र संसद् तथा सरकारमा पार्टीको भूमिकाको प्रभावकारिता, समसामयिक विषयलगायत विविध एजेण्डामा छलफल जारी रहेको प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए ।

बैठकमा पार्टी उपसभापति एवं केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख पूर्णबहादुर खड्काले प्रतिष्ठानको निर्देशिका संशोधनसम्बन्धी प्रस्ताव र प्रतिष्ठानको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

यस्तै, महामन्त्री गगन थापाले बैठकका एजेण्डा प्रस्तुत गर्नुका साथै क्रियाशील सदस्यता नवीकरण प्रगति विवरण सम्बन्धमा बैठकलाई जानकारी गराएका थिए । उनले केही भ्रातृ संस्थाबारे निर्देशक समितिको रायका आधारमा उपयुक्त निर्णय सम्बन्धमा र नेपाली जनसम्पर्क समितिको व्यवस्थापन तथा बिस्तार सम्बन्धमा प्रस्ताव प्रस्तुत गरेका थिए ।

आइतबारको बैठकमा कोषाध्यक्ष उमेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू डा. शेखर कोइराला, बलबहादुर केसी, कृष्णचन्द्र नेपाली पोखरेल, पुष्पा भुसाल, डा. गोपाल दहित, योगेन्द्र चौधरी, नैनसिंह महर, मदनकृष्ण श्रेष्ठ र भरतकुमार शाहले आ-आफ्नो धारणा राखेका थिए । विभिन्न प्रस्तावमा धारणा राख्ने क्रम जारी रहेकाले बैठक आज (मंगलबार) बिहान ११ बजे पुनः बस्ने छ ।

■■■

## १५ औं...

बारा, डोल्पा र मुस्ताङमा क्रियाशील सदस्यताको फाराम नै नपुगेको थापाको भनाइ थियो । यद्यपि, कांग्रेस पदाधिकारीहरू भने १५औं महाधिवेशनको तयारी भन्दै जिल्ला दौडाहामा पुगिरहेका छन् ।

महाधिवेशनको भ्रम चिर्न तत्काल मिति तोक्नुपर्ने केन्द्रीय सदस्य नैनसिंह महरले माग गरे । 'महाधिवेशनबारे अनेक भ्रम छरिएका छन् । यसले पार्टी पंक्तिमा अन्योल बढाएको छ । विधानअनुसार समयमै तयारी गर्न र पार्टीलाई गतिशील बनाउन १५औं महाधिवेशनको कार्यतालिकासहित मिति घोषणा गर्न अब ढिलाइ गर्नु हुँदैन,' महरले भने ।

### गठबन्धनमाथि प्रश्न

केन्द्रीय समितिमा नेताहरूले वर्तमान गठबन्धनबारे प्रश्न गरेका थिए । पहिले नेकपा माओवादी केन्द्रसँग निर्वाचनमा गठबन्धन अनि अहिले एमालेसँग सरकारमा गठबन्धन गर्दा पनि खासै चित्तबुझ्दो नभएको शेखरको भनाइ थियो । '२०७९ को संघीय र प्रदेश निर्वाचनमा माओवादीसँग गठबन्धन गरेर निर्वाचनमा गयौं । अहिले एमालेसँग सरकारमा छौं । त्यतिबेला के कारणले माओवादीसँग गठबन्धन गर्‍यौं र अहिले के कारणले एमालेसँग सत्ता सहकार्य भयो ?,' शेखरले प्रश्न गरे, 'के कारणले कांग्रेसले एमालेलाई सत्ताको नेतृत्व दियो ? यदि संविधान संशोधनका लागि यो सत्ता गठबन्धन हो भने सात बुँदे सहमतिमा लेखिएको संविधान संशोधनको मुद्दा कहाँ पुग्यो ?'

त्यसैगरी महरले तीनै तहका सरकारको कामकारबाही प्रभावकारी हुन नसकेको र हालै प्रस्तुत बजेटबारे जनताको प्रतिक्रिया राम्रो नआएकाले गम्भीर समीक्षा गर्नुपर्ने बताए । सरकार निर्माणताका भएको सातबुँदे सहमतिको कार्यान्वयन र त्यसले कांग्रेसको चरित्रमा पार्ने प्रभावबारे प्रश्न उठाउँदै महरले भने, 'सबैभन्दा ठूलो दल भएर पनि सरकारमा कांग्रेसको भूमिका खुम्च्याइएको छ र नेतृत्वकर्ताबाटै अवमूल्यन भएको छ ।' महरले बढ्दो वाम धुर्वीकरण र गठबन्धन दुर्घटनाको जवाफदेहिता नेतृत्वले लिनुपर्ने र शक्ति सन्तुलनका लागि संवैधानिक नियुक्तिहरूमा पार्टीको स्पष्ट अडान हुनुपर्नेमा जोड दिए ।

■■■

## निजामति...

'हिजो समितिले जे टुंगो लगाएको थियो, त्यसबाट दायाँबायाँ हुँदैन । कुलिङ अफ पिरियड राख्छौं र अहिले जे छ, सच्चिन्छ,' उनले भने ।

प्रधानमन्त्री केपी शर्मा ओली कुलिङ पिरियडको विपक्षमा थिए । उनको दल नेकपा एमाले पनि विपक्षमा थियो । सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता पनि त्यति सकारात्मक थिएनन् । मुख्यसचिव एकनारायण अर्याल र सचिवहरू कुलिङ पिरियड हटाउन लबिइङमा थिए । सभापति खतिवडाका अनुसार सामान्य मन्त्रालय पुगेपछि नै विधेयकमा गडबढ भएको हो ।

यद्यपि, संसद्बाट १५ असारमा बहुप्रतिक्षित निजामती विधेयक पारित गरेको थियो । प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक अब राष्ट्रिय सभामा छलफल हुने छ । राष्ट्रिय सभाबाट पारित भएपछि सभामुख देवराज घिमिरेले प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पठाउने छन् । राष्ट्रपति रामचन्द्र पौडेलले हस्ताक्षर गरेपछि ऐन बनेर कार्यान्वयनमा आउने छ ।

निजामती विधेयक पछिल्ला दिनमा कुलिङ अफ पिरियडका कारण चर्चामा थियो । सचिव र सहसचिवलाई अवकाशपछि दुई वर्षसम्म अन्यत्र काम गर्न रोक्ने गरी कुलिङ अफ पिरियडको व्यवस्था गरिएको भनिएको थियो । त्यही व्यवस्था उल्टचाउन मुख्यसचिव अर्यालको नेतृत्वमा सचिवहरूको टोली नेताहरूको घरदैलोसमेत गरेको थियो । उनीहरूको यो प्रयासको चर्को आलोचना भएपछि गुपचुपरूपमा उक्त बन्देज हटाउने प्रयास गरेका थिए ।

यति हुँदाहुँदै पनि सचिवहरू दुई वर्षे बन्देज हटाउन चाहन्थे । त्यसो नगर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोगलगायतका धेरै निकायमा नियुक्तिका लागि सचिवहरूको बाटो लम्बिन सक्थ्यो र राजदूत पदमा त्यही अवस्था आउन सक्ने अवस्था थियो ।

त्यही देखेर विरोधमा रहेका सचिवहरू थप विवादमा आउन थालेपछि राजनीतिक नेतृत्वले पनि कुलिङ अफ पिरियडको व्यवस्थासहित विधेयक प्रतिनिधिसभाबाट पारित गरिएको थियो ।

प्रतिनिधिसभाबाट पारित विधेयकको दफा ८२ को उपदफा ४ मा २ वर्षे बन्देजको व्यवस्था गरेको छ । तर, उपदफा ५ को क र ख बुँदाले भने कुलिङ अफ पिरियडलाई खुला गरेको अर्थ लाग्ने भएपछि कर्मचारी प्रशासन र राजनीतिक वृत्तमा नयाँ तरंग फैलिएको छ ।

कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो । यो व्यवस्थाको आधारमा राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट अवकाश लिएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई नियुक्ति लिन पाईदैन । अर्थात्, नयाँ व्यवस्थाअन्तर्गत नेपाल सरकारको सचिव वा सहसचिव पदबाट अवकाश पाएको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक, अन्तरसरकारी, अन्तर्राष्ट्रिय विकास साझेदारबाहेकका निकायमा सरकारी स्वीकृतिविना नियुक्ति खान पाईदैन ।

अवकाश भएको एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न पाइने छैन । यदि, सरकारको स्वीकृति नलिई कुलिङ पिरियडभित्र नियुक्ति खाने कर्मचारीले निजामती ऐनले तोकेको सेवा सुविधा पाउने छैनन् । अवकाश पाएको कम्तीमा दुई वर्षभित्रै नियुक्ति लिए त्यस्ता कर्मचारीको पेन्सन तथा अन्य सरकारी सुविधासमेत खोसिने प्रावधान विधेयकमा छ ।

■■■

## कुवेत...

कुनै कागजात नपुगेर उडान रद्द भए यसको जिम्मेवार एअरलाइन्स नहुने जनाएको छ । यद्यपि, यो नयाँ प्रावधानले भने मिश्रित प्रतिक्रिया पाइरहेको छ । कतिपयले यसले मनोमानी ढंगले हुने श्रमिकहरूको अनुपस्थितिलाई हटाएर व्यावसायिक निरीक्षण गर्ने बताएका छन् । कतिपयले भने प्रशासनिक भारलाई बढाउने बताएका छन् । श्रमिकहरूले भने अनावश्यक प्रतिबन्धले समस्या हुनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । यसको दुरूपयोग र यसबाट यात्रामा हुनसक्ने ढिलासुस्तीलाई नियमन गर्नुपर्ने पनि केहीको टिप्पणी छ ।

नेपालीहरूको समेत प्रमुख श्रम गन्तव्यको रूपमा रहेको कुवेतमा गत आर्थिक वर्ष २०८०/८१ मा ४० हजार ३६८ जना युवाहरू व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर कुवेत गएका तथ्यांक छ । नेपालीहरू घरेलु श्रमिकदेखि अर्धदक्ष र दक्ष श्रमिकको रूपमा कुवेत जाने गरेका छन् ।

■■■

## 'बाध्यात्मक

मन्त्री भण्डारीले रोजगारी सिर्जना गर्ने कार्य निजी क्षेत्रको भएको हुनाले उत्पादन र उत्पादकत्व बढे स्वतः रोजगारी सिर्जना हुने जिकिर गरे । संसारको जुनसुकै देशमा सरकारले सीमित संख्यामामात्रै रोजगारी सिर्जना गर्ने गरेको बताउँदै निजी क्षेत्रसँगको समन्वय, सहकार्य गरी रोजगारीका विभिन्न अवसरहरू सिर्जना गर्न सरकारले आवश्यक नीति नियम सुधार गरेर जानुपर्नेमा उनले जोड दिए ।

मन्त्री भण्डारीले देशभित्रै रहेका रोजगारीका सम्भवानाहरूलाई सही तरिकाले सदुपयोग गर्न नसक्नु गम्भीर चिन्ताको विषय भएको बताए । उनले थोरै पैसाका लागि विदेसिनुभन्दा स्वदेशमै स्वरोजगार गरेर बस्न सुझाव दिए । उनका अनुसार मुलुकमा केवल वैदेशिक रोजगारीमा जानेहरूको लर्कोमात्रै छैन, वैदेशिक रोजगारमा गएकाहरू सीप, ज्ञान, थोरै भए पनि पुँजी लिएर फर्केर आउनेहरूको संख्या पनि उत्तिकै छ । मन्त्री भण्डारीले नेपाली श्रमबजारमा प्रत्येक वर्ष पाँच लाख श्रमशक्ति आउने गरेको जिकिर गर्दै ती श्रमशक्तिको सीप र क्षमता अभिवृद्धि गर्नसके देशभित्रै रोजगारीको अवसरलाई सदुपयोग गर्न सकिने बताए ।

# बेनी अस्पतालको भवन तयार

**म्याग्दी (प्रस)**– स्तरोन्नति र क्षमता विस्तार भएको १० वर्षपछि प्रदेश अस्पताल बेनीको पूर्वाधार तयार भएको छ । विसं २०७२ मा १५ बाट ५० शयचामा स्तरोन्नति भएको बेनी अस्पतालले नयाँ पक्की भवनबाट सेवा सञ्चालन थालेको हो ।

अस्पताल व्यवस्थापन समितिकी अध्यक्षसमेत रहेकी जिल्ला समन्वय समिति म्याग्दीकी कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले अस्थायी भवनबाट सञ्चालन गरिँदै आएको अस्पतालको सेवा नयाँ भवनबाट सुरु गरिएको जानकारी दिइन् । 'अन्तरंग विभागको सेवा नयाँ भवनबाट सञ्चालन गरेका हौं,' उनले भनिन्, 'अन्तिम चरणमा पुगेको भवन निर्माण कार्यले पूर्णता पाएपछि अन्य सेवा नयाँ भवनमा सार्ने तयारीमा छौं ।'

पक्की भवन बनाउनका लागि विसं २०७४ मा पुरानो बहिरंग विभागको भवन भत्काएपछि अस्थायी भवन बनाएर सेवा सञ्चालन गरिएको थियो । अस्पताल भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभी र सहरी विकास तथा भवन आयोजना बागलुङसँग २०७३ मंसिर २१ गते सम्झौता भएको थियो ।

कूल १८ करोड ८४ लाख आठ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको योजना लक्ष्यअनुसार २०७६ मंसिर २० गते सम्पन्न हुनुपर्ने थियो । आयोजनाका इन्जिनियर वीरबल सुनारले भवन निर्माणको ९५ प्रतिशत काम सम्पन्न भएको बताए ।

भवनको सरसफाइ र बाहिर ५०० मिटर सडक कालोपत्रे काममात्र बाँकी छ । चार हजार ९६३ वर्गमिटर क्षेत्रफलमा निर्माण गरिएको चार तले तीनवटा भवनको भित्री भाग प्लास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्याल ढोका र टायल राख्ने काम अन्तिम चरणमा पुगेको छ ।

# मधेसमा ८६ लाख वृक्षरोपण गरिने

**जनकपुरधाम (प्रस)**– मधेस प्रदेश सरकारले चुरेक्षेत्रको विनास रोक्न तथा पर्यावरणको सुरक्षाका लागि वृक्षरोपण अभियान सुरु गर्ने भएको छ । अभियानअन्तर्गत मधेस प्रदेश सरकारले ८६ लाख बिरुवा रोपिने छ ।

प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले उक्त अभियानअन्तर्गत प्रदेशका सडकपेटीमा मात्र चार लाख बिरुवा रोप्ने लक्ष्य रहेको जानकारी दिए । 'चालु आर्थिक वर्षमा ५० किलोमिटर सडकपेटी तथा २७८ हेक्टर क्षेत्रफलमा वृक्षरोपण हुनेछ,' घिमिरे भने ।

मन्त्रालयबाट प्राप्त जानकारीअनुसार ८६ लाख बिरुवामध्ये ६२ लाख बिरुवा प्रदेश सरकारको बजेटबाट तथा बाँकी संघीय सरकारको ससर्त अनुदानमार्फत उत्पादन गरिने बताइएको छ । ती बिरुवाहरू सर्वसाधारणलाई निःशुल्करूपमा वितरण गरिने उनको भनाइ छ ।

उत्पादन भएका बिरुवामध्ये करिब आठ प्रतिशत बिरुवा सरकारी वनक्षेत्र तथा डिभिजन वन कार्यालयको मातहत रहने क्षेत्रमा रोपिने छ भने बाँकी ८० प्रतिशत बिरुवा निजी जग्गामा रोपिने छ । यसमार्फत हरियाली विस्तारसँगै वातावरणीय सन्तुलन कायम गर्ने सरकारको दिगो लक्ष्य छ । यस अभियानले वनजंगलको संरक्षण, चुरेक्षेत्रको संरक्षण हुने, नदी तथा भूमि कटान रोकथाम हुने र पर्यावरण सुरक्षा तथा सुधारमा सकारात्मक योगदान पुग्ने प्रदेश सरकारको विश्वास छ ।

डिभिजन वन कार्यालय धनुषा जनकपुरधामका वन अधिकृत अनिल साहका अनुसार धनुषा जिल्लाअन्तर्गत जनकपुर-ढल्केवर सडक खण्डको दुवै क्षेत्रको पेटीमा चार हजार ४०० बिरुवा रोप्न सुरु भइसकेको छ ।


**बिमालेख हरायो**

मिति २०८२/०१/२८ गतेका दिन एकान्तकुनाबाट ग्वार्कोसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **हिमालयन लाईफ ईन्सुरेन्स लिमिटेड**बाट जारी भएको बीमालेख हराएको हुदाा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम : चन्द्र महर्जन**
**बिमालेख नं.: ULI3540000145**
**ठेगाना : ललितपुर महानगरपालिका -९**
**सम्पर्क नं : ९८४३८२२८१८**

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रर कार्यालयको चं.न. ८०५३५, मिति २०८२/३/१६ को पत्र बमोजिम, कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि.नं. १७५७८८/०७४/०७५ को सुप्रिमा एण्ड बिक्रम ट्रेडर्स प्रा. लि. शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १३६(क) बमोजिम खारेजीमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

**नाम परिवर्तन सम्बन्धि सूचना**

पहिलो पटक प्रकाशित मिति: २०८२/०३/१७

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०५/११ गते बमोजिम यस 'सिनर्जी एकाउन्टिङ्ग कन्सल्टेन्सी प्रा.लि. को साविकको नाम परिवर्तन भई बिज गुरु प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

**बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०३।०७
को भुलवस सूचना सच्याईएको प्रकाशित मिति २०८२।०३।१७

यस मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजना सव कम्पार्टमेण्ट C1S3 को स्विकृत चौथो वर्षको पुनरूत्पादन कटान Site Plan बमोजिम बुढो रोगी, मरेको, मर्नलागेको, बांगोटिंगा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेत गोलिया थान २५४ को १९८४.४२ क्यू.फि. काठ र दाउरा ८ चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ भनि सूचना प्रकाशित भएकोमा भूलवस दाउरा ८ चट्टा उल्लेख भएकोमा सो दाउरा ४ चट्टा मात्र भएको व्यहोरा जानकारी गराइन्छ ।

**श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुर**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


मंगलबार, १७ असार, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ असार , २०८२ (०१ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४७ | १३७.०७ |
| युरो | १ को | १५९.९४ | १६०.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.१८ | १८८.०० |
| स्विस फ्रैन्क | १ को | १७०.७९ | १७१.५४ |
| अस्ट्रेलियन डलर | १ को | ८९.१२ | ८९.५१ |
| क्यानाडियन डलर | १ को | ९९.७४ | १००.१८ |
| सिङ्गापुर डलर | १ को | १०६.९६ | १०७.४३ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.०३ | १९.११ |
| साउदी अरब रियाल | १ को | ३६.३९ | ३६.५५ |
| कतारी रियाल | १ को | ३७.३४ | ३७.५० |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१६ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३२.२७ | ३२.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४४ | २१.५३ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४७.०० | ४४८.९७ |
| बहराइन दिनार | १ को | ३६१.८५ | ३६३.४४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# युवाले उद्यमको बाटो रोज्नुपर्नेमा जोड



■ विविशा पौडेल

**काठमाडौं–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले सिर्जनशील युवा समृद्ध नेपालको मेरुदण्ड भएको बताएका छन् । राष्ट्रिय युवा परिषद्ले सोमबार बत्तीसपुतलीमा आयोजना गरेको 'युवा उद्यमशीलता प्रवर्द्धन सम्मेलन'को उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

'देशको निर्णायक शक्ति युवाको चाहनामात्र हो, त्यसका लागि दृढ संकल्पका साथ उद्यमको बाटो रोज्नुपर्छ । केवल सरकारको कार्यक्रमले मात्र सम्भव छैन । निजी क्षेत्र, नीति निर्माता, स्थानीय सरकार र स्वयं युवाबीचको सहकार्य आजको आवश्यकता हो,' उनले भने ।

युवाका विचारलाई व्यावसायिक योजनामा बदल्नका लागि सहजीकरण आवश्यक रहेको भन्दै पुँजी, सीप र ज्ञानको सुनिश्चिततामा ढिलाइ नगर्न सरकारलाई आग्रह गरे । 'हामी युवालाई केवल प्रेरित गर्ने होइन, पुँजी, योजना, बजार पहुँच र सीप विकासका लागि मार्गदर्शन गर्नुपर्छ । उनीहरूको आवाज नीति निर्माणमा सुन्ने हो भनेमात्र समावेशी, समृद्ध नेपाल सम्भव हुन्छ,' उपराष्ट्रपति यादवले भने, 'यो सम्मेलन युवाका लागि प्रेरणादायी 'कोरेडुंगा' बन्ने विश्वास छ । नयाँ सोच, प्रविधि र नवप्रवर्तनमार्फत आर्थिक तथा सामाजिक समस्याको समाधान खोज्नु पर्ने छ ।'

सम्मेलनमा सम्बोधन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्यमशीलतालाई आजको नेपालका लागि अनिवार्य आवश्यकता भएको बताए । उनले भने, 'आज रोजगारी र उद्यमशीलता नेपालको केन्द्रीय चुनौती बनेको छ । यसलाई हल गर्न दीर्घकालीन दृष्टिकोणसहित अब निर्णायकरूपमा अघि बढ्नुपर्ने छ ।'

केवल योजनामा सीमित नरही, कार्यान्वयनमै केन्द्रित हुनेगरी उद्यमशीलताको अभियान अघि बढाउनु जरुरी रहेको उनले बताए । उनका अनुसार अहिलेको नेपालको उद्योगको जिडिपी (कूल गाहर्स्थ उत्पाद) पाँच प्रतिशतको हाराहारीमा रहेको छ, जुन राष्ट्रको विकास र रोजगारी सिर्जनाका लागि पर्याप्त नभएको उनले बताए । 'आजको अवस्था भनेको वैदेशिक रोजगारीको मानसिकताले निर्देशित छ । हाम्रा युवाहरू विदेश जान बाध्य छन् । तर, यदि हामीले देशमै उद्यमको वातावरण तयार गर्न सक्यौं भने यही देशमै अपार सम्भावना छ । फलाममात्र निकाल्ने हो भने पनि हामीसँग १०० वर्षलाई पर्याप्त स्रोत छ ।'

मन्त्री भण्डारीले सरकारको नीति अझै पनि कतिपय अवस्थामा बाधक भएको स्वीकार गर्दै त्यसको समसामयिक सुधार आवश्यक रहेको धारणा व्यक्त गरे । उनले प्रविधिको प्रयोगद्वारा नयाँ सम्भावना खोजिनुपर्ने, र राज्यले सोही अनुरूपको कार्यक्रमहरू अघि सार्नुपर्ने बताए ।'

सम्मेलनमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले सकारात्मक सोच र नीति साथमा छ भने सम्भावनाको ढोका खुल्ने बताए । संघीय राजधानीमा आयोजित यो सम्मेलन प्रदेशस्तरीय कार्यक्रमहरूको शृंखलाको निरन्तरता रहेको उनले उल्लेख गरे । 'देशभरका युवासँग संवाद गर्दै आएका हामी आज संघीय तहमा उद्यमशीलता सम्मेलन गर्दै छौं । यसको उद्देश्य हो, युवाको सशक्तीकरण र उनीहरूलाई सिर्जनशील उद्यममा जोड्ने ।'

उनले पछिल्लो समय नेपालमा स्टार्टअप तथा नवप्रवर्तनमा आधारित कम्पनीहरू सुरु भइरहे पनि उनीहरू आर्थिक व्यवस्थापनको समस्याका कारण असफल भएको उल्लेख गरे । 'हामीलाई आत्ममूल्यांकन गर्न जरुरी छ, किन ती कम्पनीहरू टिक्दैनन्, किन युवाहरू असन्तुष्ट छन् ? त्यसकारण अब चुनौतीलाई अवसरमा बदल्ने सोचको आवश्यकता छ,' मन्त्री चौधरीले भने ।

# रूपन्देही–३ को उपनिर्वाचन आगामी कात्तिक १७ गते

■ प्रभाव संवाददाता

**काठमाडौं–** रूपन्देही क्षेत्र नं-३ मा प्रतिनिधिसभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी कात्तिक १७ गते उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै उपनिर्वाचनको मिति तोकेको हो ।

रूपन्देही क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य दीपक बोहराको चैत १९ गते निधन भएकाले त्यहाँ उपनिर्वाचन हुने भएको छ । वि.सं. २०७९ मंसिर ४ गते सम्पन्न आमनिर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का बोहरा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गर्दै विजयी भएका थिए ।

'प्रतिनिधिसभाको कार्यकाल छ महिना बढी अवधि बाँकी रहँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पदपूर्ति गरिने छ' भन्ने संविधानको धारा ८४ को उपधारा ७ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार चैत १७ गते उपनिर्वाचनको मिति तोकिएको आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

अब रिक्त पदपूर्तिका लागि संविधान र निर्वाचन कानुनअनुसार तय गरिएको उपनिर्वाचन मितिअनुसार आवश्यक प्रक्रिया सञ्चालन हुने छ । निर्वाचन आयोगले चाँडै मतदाता नामावली, उम्मेदवारी दर्ता, आचारसंहितालगायतका कार्यतालिका सार्वजनिक गर्ने जनाएको छ ।

रूपन्देही निर्वाचन क्षेत्र नं ३ मा सिद्धार्थनगर नगरपालिका र शुद्धोधन गाउँपालिकाको सबै वडासहित बुटवल उपमहानगरपालिका-१४, १५, १६, १७, १८ र १९, ओमसतिया गाउँपालिकाको वडा नं २, मायादेवी गाउँपालिकाको वडा नं ७ र ८, तिलोत्तमा नगपालिका-१३ र १४ तथा सियारी गाउँपालिका-१, २, ३, ६ र ७ रहेको छ ।

यसैबीच, निर्वाचन आयोगले अर्को सूचना जारी गर्दै यही असार १७ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि मतदाता नामावली दर्ता स्थगन गरेको जनाएको छ । निर्वाचनको मिति घोषणा भइसकेकाले निर्वाचन प्रक्रियाका लागि मतदाता नामावाली दर्ता नहुने व्यवस्था भएकाले नियमितरूपमा भइरहेको मतदाता नामावली अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# सर्वोच्चमा सिफारिस न्यायाधीशको सुनुवाइ सकियो

**काठमाडौं (प्रस)–** संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतमा प्रस्तावित तीन न्यायाधीशको सुनुवाइ सकाएको छ । यस्तै न्यायपरिषद्का एक सदस्यको पनि सुनुवाइ सकिएको छ ।

समितिको सोमबार सिंहदरबारमा भएको बैठकले प्रस्तावित न्यायाधीश शान्तिसिंह थापा र न्यायपरिषद् सदस्य महेश नेपालको सुनुवाइ गरेको हो । समितिले आइतबार सर्वोच्चका लागि प्रस्तावित न्यायाधीश मेघराज पोखरेल र श्रीकान्त पौडेलको सुनुवाइ गरेको थियो ।

प्रस्तावित न्यायाधीश पदका तीन सदस्य र न्याय परिषद्को प्रस्तावित एक सदस्यसहित चारै जनाको सुनवाइ सम्पन्न भएको र निर्णय भने अर्को बैठकबाट हुने समितिकी सहसचिव निर्मलादेवी लामिछाने वस्तीले जानकारी दिइन् ।

सुनुवाइका क्रममा प्रस्तावित न्यायाधीशहरूले योग्यता, क्षमता, रुचि, सोच र अवधारणा प्रस्तुत गरेका थिए । उनीहरूले संविधान, कानुनको सीमाभित्र रहेर निष्पक्षरूपमा न्याय सम्पादन गर्ने प्रतिबद्धता जनाए ।

यस्तै न्याय परिषद्का सदस्यले आफ्नो योग्यता, कार्यक्षमता, सोच र अवधारणा प्रस्तुत गर्दै संविधान र कानुनको सीमाभित्र रहेर न्यायसम्पादन गरिने विश्वास व्यक्त गरे ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०३/१७**

**इको हिलिङ इन्भाइरोमन्टल एण्ड इन्जिनियरिङ मल्टिप्रपोज** को मिति २०८२/०३/०३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेच माइन्ड इन्जिनियरिङ कन्सल्टेन्सी (दर्ता नं.: २८१९४१)** कायम गर्ने गरी मिति २०८२/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७८/०८/०२ मा दर्ता भएको श्री **कर्णाली कृषि तथा पशुपंछी फार्म (प्रा. लि. नं. २७७२४५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०८/०८ मा दर्ता भएको **प्रा.लि.नं. २७७८९७** को **भुरीलो नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१२/१४ मा दर्ता भएको **प्रा. लि. नं. २८७७३७/०७८/०७९** को **जे. बि. एस. नेपाल प्रा. लि.** को मिति २०८२/०३/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७६/०४/२० मा दर्ता भएको **मेडिलाईफ सोलुसन प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २२०५१२) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/१२ मा दर्ता भएको **प्रा. लि. नं. १८६३५३/०७४/०७५** को **कुलेश्वर मेडि मार्ट प्रा. लि.** को मिति २०८२/०३/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## कतारमा रोजगार
कम्पनी : MACMET AL-KHALEEJ CONSTRUCTIONS

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 304598 | चलानी नं. ६०२१९३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५६,२९५ | | | | | | | |
| 3 | Mason | 1 | 0 | 1200 | ४५,०३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कुवेतमा रोजगार
कम्पनी : HAIR AVENUE LADIES BEAUTY SALON.

पूर्व स्वीकृति मिति : २०८०/११/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 301551 | चलानी नं. ६०२१६३९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/manicure And Pedicure | 0 | 12 | 150 | ६७,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएइमा रोजगार
कम्पनी : SHAMS AL WARD CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326345 | चलानी नं. ६०२४०३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 5 | 1300 | ४८,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SALES CLERK | 0 | 5 | 1300 | ४८,४१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

N.B. INTERNATIONAL MENPOWER Pvt. Ltd.
Sinamangal, Kathmandu Nepal, Contact: 9852034216, 9802034216, 9854033133, 9804984206
Email: n.bintarnationalmanpowerpvt.ltd@gmail.com, fishtaillopt@gmail.ccom, Web: nbinternationalmanpower.com.np
श्रम इजाजत नं. ४०२/०६०/६१



## We are Hiring!! (Urgent)

### Travel Consultant

With nearly 3 decades of crafting unforgettable travel experiences, Adventure World Trails & Travels is recognized as one of Nepal's premier travel agencies and Destination Management Companies. If you have a passion for adventure, exceptional communication skills, and a proven ability to manage projects and coordinate with diverse stakeholders, we invite you to apply!

**Position:** Travel Consultant
**Required number:** 1
**Job Description:**

1. Assist in the development, planning, and coordination of diverse adventure tours, treks, and travel packages.
2. Provide essential administrative support, including scheduling, event coordination, and facilities oversight to maintain efficient back-office operations.
3. Prepare comprehensive travel documents, proposals, and presentations using various technical tools.
4. Conduct thorough research otn destinations, logistics, and emerging travel trends to enhance our offerings.

**Required Qualifications and Experiences:**

1. Bachelor's degree in Business, Finance, or a related field;
2. At least 2 years of professional experience in customer-facing roles, project coordination, administrative roles;
3. At least 2 years of experience in related field in foreign jurisdiction;
4. Proven ability to conduct detailed research, manage multiple tasks, and maintain strong organizational practices;
5. Demonstrated leadership abilities, strong interpersonal skills, and a collaborative team player mindset; and
6. Strong English language proficiency, both written and verbal, through high-level academic and professional experiences.

**Selection Method:**

1. Shortlisting of candidates based on their resume and experience.
2. Further selection process may include interviews.

**Interested and qualified candidates may send an updated resume with a passport sized photograph to Human Resources Department at adwworldnepal@gmail.com latest by (10th July 2025).**



## युएइमा रोजगारको अवसर
कम्पनी : MEGA STAR SHIPPING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326409 | चलानी नं. ६०२४०४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 2 | 0 | 1200 | ४४,६८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stevedore/Lasher | 6 | 0 | 1200 | ४४,६८६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060
Jassim Trading & Services Pvt. Ltd.
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



## युएइमा रोजगार
कम्पनी : MADINAT JALFAR TECH. CONT.

पूर्व स्वीकृति मिति : २०८२/०३/१५ | LT. No. 326454 | चलानी नं. ६०२४०३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DUCT MAN | 10 | 0 | 1200 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician + Plumber | 20 | 0 | 1200 | ४४,६८५ | | | | | | | |
| 3 | Insulator | 10 | 0 | 1200 | ४४,६८५ | | | | | | | |
| 4 | Pipe Fitters | 10 | 0 | 1200 | ४४,६८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,



## मलेसियामा रोजगार
कम्पनी : FANG & PAI INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/१०/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 299795 | चलानी नं. ६०२१४७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 | 0 | 1500 | ४८,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६



## युएइमा रोजगार
कम्पनी : ORIENT CONCRETE PRODUCT FACTORY LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326342 | चलानी नं. ६०२४०३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 5 | 0 | 1300 | ४८,४०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | STONE MASON | 6 | 0 | 1300 | ४८,४०९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 326342 मिति: २०८२/०३/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com



## साउदीमा रोजगार
कम्पनी : ARABIAN INDUSTRIAL METAL COATING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326303 | चलानी नं.६०२४०४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAUDI AUTOMOTIVE SERVICE CO.

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326141 | चलानी नं.६०२४०४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fuel Filling Labour | 27 | 0 | 1000 | ३६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL NAJAH AL SAYED GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326422 | चलानी नं.६०२४०४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महाधिवेशनमा अलमल किन ?

**नेपाली कांग्रेस देशकै शीर्ष दल हो। कांग्रेससँग इतिहास छ। लोकतन्त्रको विरासत छ। अभिव्यक्ति स्वतन्त्रताको विषयमा लडेको गाथा छ। अरु पार्टीले नैतिकता कांग्रेसबाट सिक्ने दाबी कांग्रेस नेताहरू गर्छन्। तर यही कांग्रेस अहिले विधानतः अपडेड हुने प्रक्रियामा लागिसक्यो। विधानमा भएको व्यवस्थाअनुसार कांग्रेसको १५औं महाधिवेशन अबको मंसिरमा हुनुपर्छ। यसका लागि छ महिनाअघि नै मिति तोक्नुपर्छ।**

**महाधिवेशनस्थल, नीतिका विषयमा छलफल तथा प्रचारप्रसारका लागि छ महिना आवश्यक देखिन्छ। तर मंसिर आउन अब पाँच महिनामात्र बाँकी छ। कांग्रेसले महाधिवेशनको कुनै सुरसार गरेको छैन। कांग्रेस सभापति शेरबहादुर देउवा २०७८ मंसिर २९ गते दोस्रोपटक नेतृत्वमा निर्वाचित भएका थिए। यसैले अब देउवा पुनः सभापति बन्न पाउँदैनन्। कहिलेकहीँ फेरि विधान संशोधन गरेर आफैं सभापति हुन्छु भनेर ठट्टा गर्ने देउवाले हालै चितवन पुगेर आफू रिटायर्ड हुन लागेको बताएका छन्।**

**हुन पनि देउवाको पछिल्लो शैली बदलिएको छ। पहिले कसैको कुरा सुन्न मन नपराउने देउवा कार्यक्रमहरूमा लामो समय बस्छन्। सबैको कुरा सुन्छन्। कांग्रेस एक बनाएर लाने कुरा गर्छन्। तर विधानअनुसार महाधिवेशन गर्ने समय आइसक्दा पनि यस विषयमा बोलेका छैनन्। कांग्रेसमा पहिले गिरिजाप्रसाद कोइराला निकै विवादित पात्र थिए। पछि राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनामा कोइरालाको 'ग्रेसफुल एक्जिट' भयो। देउवा पनि कांग्रेसमा त्यस्तै विवादित पात्र हुन्। कहिले कांग्रेस फुटाउने। कहिले राजाको पछि लागेर प्रधानमन्त्री बन्ने त कहिले आफ्नै श्रीमती आरजुलाई शक्तिमा ल्याएर विवादमा तानिए।**

**अहिले देउवा फेरि विधानसम्मत महाधिवेशन नगरेको भन्दै विवादमा तानिएका छन्। उनीनिकट कतिपय नेताले देउवाको एक्जिट गिरिजाको जस्तै हुने बताउँछन्। अर्थात् पार्टीबाट बिदा हुँदै गर्दा देउवा निकै चर्चामा आउने छ। मतलब कांग्रेसका लागि उनले आफूले सकेको योगदान दिने छ।**

**हुन पनि केन्द्रीय समिति अहिले लगभग देउवामय छ। करिब ९० प्रतिशत नेताहरू देउवापक्षमै छन्। यस्तो अवस्थामा देउवाले गर्नुपर्ने काममा भनेको समयमै महाधिवेशन हो। फेरि प्रधानमन्त्री बन्ने लोभमा निर्धारित समयमै महाधिवेशन नगर्ने हो भने देउवाका समर्थकले भनेजस्तो ग्रेसफुल एक्जिट पाउन मुस्किल त होला नै 'बद्नाम' सभापतिको रूपमा पनि दर्ज हुने छ।**

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन्। निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ। किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ। निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

ड्ड हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन्। यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने।

ड्ड काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने।

ड्ड कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ।

ड्ड काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ। साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ।

ड्ड आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ।

ड्ड शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ।

ड्ड ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन।

ड्ड काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ। कुनै शंका लागे सोध्नुपर्छ। अन्दाजमा कुनै काम गर्नु हुँदैन।

# नेपालको उड्डयन तथा पर्यटन क्षेत्रमा निगमको भूमिका



■ हरिगोपाल प्रधान

> निगमका पाइलटहरूलाई निजी कम्पनीहरूले आफूतिर लोभ्याउन आकर्षक तलब दिन थालेकाले हालसालै निगम व्यवस्थापनले पनि विमान चालकको तलबमा केही वृद्धि गरेता पनि यसरी गरिएको समाधान अस्थायी बाटोमात्रै हो। यसबाट पाठ सिकेर अब स्थायी बाटो खोज्नुपर्ने देखिएको छ। त्यसका लागि निगमभित्रकै कर्मचारीहरू अथवा निगमका कर्मचारीहरूमध्ये छोराछोरीलाई विमानचालक, इन्जिनियर बनाउन निश्चित अवधिसम्म निगममा अनिवार्य काम गर्नुपर्ने गरी निगमले नै "लगानी" गरिदिने र उत्तीर्ण भइसकेपछि त्यहीँ काम गर्ने व्यवस्था पनि गर्न सकिन्छ। निगमकाले यसतर्फ ध्यान दिनुपर्छ।

नेपाल वायुसेवा निगमले स्थापनाकालदेखि सेवा प्रारम्भ गरेयता दुर्गम क्षेत्र पनि सुगम बन्दै गइरहेका छन्। अधिकांश विकट पहाडी ठाउँहरूमासमेत निगमले आफ्नो सेवा उपलब्ध गराएको छ। वैदेशिक मुद्रा आर्जन गर्ने अन्तर्राष्ट्रिय उडानलगायत ग्राउण्ड हयाण्डलिङमा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट सेवा प्रदान गर्ने आइसागो (इन्टरनेसनल सेफ्टी अडिट फर ग्राउण्ड अपरेटर) प्रमाणपत्र प्राप्त संस्था हो। निगमले सम्पूर्ण सेवालाई प्रमुखताका साथ अगाडि बढाउन प्रयासरत छ।

देशमा हवाई इन्धन आपूर्ति नहुँदा निगमका विमानहरूले विदेशबाट इन्धन आपूर्तिसमेत गरेको थियो र आन्तरिक उडानका अन्य विमानहरूलाई पनि इन्धन वितरण गरेको थियो साथै काबुलमा विष्फोटमा परेका निर्दोष नेपालीहरूको शव ल्याउनेलगायत कोरोना (कोभिड-१९) महामारीमा औषधिलगायत विदेशमा बस्ने नेपाली र नेपालमा बसेका विदेशलाई गन्तव्यस्थानमा पुऱ्याउने कामसमेत गरेर देशमा सेवा गर्ने र महाभूकम्पको बेला विदेशबाट निःशुल्क सामानहरू ल्याउनुका साथै नेपालमा इन्धनको हाहाकार सिर्जना भएको अवस्थामा विदेशबाट इन्धन ढुवानी गर्ने तथा अन्य वायुसेवाहरूलाई पनि दिएर सेवा पुऱ्याइरहेको छ।

नाफा आर्जनमा मात्र आफूलाई सीमित नराखी यसले सेवाभावनालाई प्राथमिकता दिँदै आएको छ। अन्य यातायातका साधन नभएका दुर्गम क्षेत्रका जनतालाई अपेक्षाकृत सस्तो दरमा सेवा उपलब्ध गराउनुका साथै त्यस्ता ठाउँमा दैनिक उपभोग्य वस्तु र निर्माण सामग्रीहरू पुऱ्याउनमासमेत सक्रियता लिँदै आएको छ। तर यसबापत सरकारबाट कुनै अनुदान प्राप्त गरिँदैन।

आन्तरिक उडानमा घाटा सहेर पनि निगमले आफूलाई बढी सेवामुखी बनाएको छ भने बाह्य उडानहरू पनि अन्य विमान सेवाहरूभन्दा तुलनात्मकरूपमा सस्तो बनाइएको छ। नियमित, स्तरीय एवं विश्वसनीय सेवा दिनु निगमको प्रमुख लक्ष्य हो। अहिले आन्तरिक तथा बाह्य सेवामा निगमले बर्सेनि लाखौं स्वदेशी-विदेशी यात्रु तथा पर्यटकहरू ओसारपसार गर्दछ र करोडौं रूपैयाँबराबरको विदेशी मुद्रा आर्जन गरेर देशको अर्थव्यवस्थामा सघाउ पुऱ्याएको छ। तर विमानको कमीले प्रतिस्पर्धामा अनेक असुविधा र कठिनाइ पनि यसले सहनुपरेको छ। यसबाट नियमितरूपमा विमानसेवा सञ्चालन गर्नमा निगमलाई अनेक बाधा छन्, ता पनि सम्भव भएसम्मका सेवा निगमले उपलब्ध गराइरहेको छ। विभिन्न मुलुकहरूमा राष्ट्रिय ध्वजावाहकका रूपमा नेपालको छविलाई विश्वमा फैलाउने कार्यमा नेपाल वायुसेवा निगम उत्तिकै क्रियाशील रहेको छ। विदेशी पर्यटकहरूलाई आठ हजार मिटरभन्दा अग्ला हिमालहरूको दृश्यावलोकन गराइरहेको छ। विदेशतर्फ भारतका विभिन्न स्थानहरूमा सेवा पुऱ्याउँदै आएको छ। निगमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धेरै उडानहरू कटौती गरेको भएता पनि अब उप्रान्त अस्ट्रेलिया, पेरिस, लण्डन, जर्मन, सिंगापुर, कलकत्ता, श्रीलंका पटनाजस्ता अन्य कटौती भइसकेका स्थानमा पनि उडान भर्नु अत्यावश्यक भइसकेको छ।

नेपाल वायुसेवा निगमले छ वर्षअघिदेखि दोहा उडान थालेको र विश्वका ठूला-ठूला वायुसेवा निगमहरूले उडान गर्ने दुबई, दोहा, दमामसँग सीधा हवाई सम्पर्क भएकोले युरोप र अमेरिकाका पर्यटकहरूलाई नेपाल आउन सजिलो भएको छ। अन्य देश भएर नेपालमा आउने पर्यटकहरूलाई सबभन्दा महँगो भाडादर पर्न आएता पनि पर्यटन आगमनमा आगामी वर्षदेखि पर्यटकहरूको संख्यामा उल्लेख्यरूपमा वृद्धि हुने आशा सबैमा पलाएको छ। खाडी राष्ट्रहरूमा काम गरिरहेका करिब १० लाख नेपाली श्रमिकहरूको आवतजावतमा पनि यो उडानले सुविधा पुऱ्याएको छ। दोहासँग सीधा हवाई सम्पर्क भइरहेको कारणले गर्दा विदेशी पर्यटकहरूले भारतहुँदै नेपाल आउनुपर्ने बाध्यता पनि हट्न गएको छ। राष्ट्रका लागि यसलाई ठूलो उपलब्धि मान्नुपर्छ।

नेपालको पर्यटन व्यवसायलाई अग्रगति दिनका लागि नेपाल वायुसेवा निगम, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, निजीस्तरका हवाई-कम्पनीहरू तथा विभिन्न ट्राभल एजेन्सी, पर्वतारोहण संघ, ट्रेकिङ कम्पनी, यातायात व्यवसाय र होटलहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरामा कुनै शंका छैन। अन्य विभिन्न संघसंस्थाहरूको पनि प्रत्यक्ष-अप्रत्यक्षरूपमा सम्बन्ध रहेको छ। तर, सम्बन्धित सम्पूर्ण निकायहरूका बीचमा आवश्यक समन्वय हुन नसक्दा त्यसले पर्यटन व्यवसायलाई असर पारेको छ र अस्वस्थ प्रतिस्पर्धाको कारणले आफ्नो लक्ष्यप्राप्तिका लागि कठिनाइ भइरहेको छ।

नेपालको अधिकांश भूभाग पहाड र पर्वतले भरिएको छ। त्यसैले यहाँ उड्डयनको विशेष महत्त्व छ। नेपालमा हाल ६० वटा विमानस्थल छन्। तीमध्ये २५ वटा विमानस्थलको पुनर्निर्माण भइरहेको छ। ३५ वटा कच्ची छन्। ती सबै विमानस्थलहरूलाई संरक्षण गरेर समुचित ढंगले उपयोग गर्ने हो भने त्यसले नेपालको पर्यटन क्षेत्रलाई धेरै फाइदा पुऱ्याउने छ। आगामी दिनहरूमा नेपालमा विदेशी पर्यटकहरूको संख्या बढ्ने कुरा निश्चितप्रायः भएकाले विमानस्थलहरूलाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राखिरहनु आवश्यक छ। नेपालमा पूर्णरूपले व्यवस्थित रहेको अन्तर्राष्ट्रिय विमानस्थलहरूलाई अधिकतम सदुपयोग गर्नु अति आवश्यक भइसकेको छ। हालसालै निर्माण सम्पन्न गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई कूटनीतिक तवरले उडान सञ्चालनसम्बन्धी विवाद समाधान गरेर २४सै घण्टा चालु गरिनु आवश्यक भइसकेको छ।

निगमले पर्यटकहरूको कमी हुने जुनसुकै मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्नुको सट्टा पर्यटकहरू बढी हुने मुलुकहरूसँग बढी सम्बन्ध विस्तार गर्ने हो भने ४२ वटा मुलुकको सट्टा त्योभन्दा कम मुलुकसँग भएको द्विपक्षीय हवाई सम्झौताले पनि नेपालको पर्यटन व्यवसायलाई ठूलो टेवा पुऱ्याउने छ। विदेशमा रहेका निगमका कार्यालयहरूको व्यवस्थापन र अन्य पक्षमा कुनै कमजोरी रहेका छन् भने तिनलाई सुधार गरेर ती कार्यालयहरूमार्फत निगम र नेपालका विषयमा उचित र जानकारीमूलक समाचारहरू सम्प्रेषण गर्न पनि सकिन्छ। ती कार्यालयहरूको प्रभावकारी भूमिकाबाट पनि नेपालले प्रशस्त वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना रहन्छ।

सरकारले पर्यटन उद्योगलाई मुलुकमा अन्य उद्योगसरह प्रेरणा, न्यायिक सुरक्षा र सुविधा उपलब्ध गराई पूर्णमान्यता दिनुपर्छ। निजी क्षेत्रसँगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटन क्षेत्रमा शान्तिसुरक्षाको प्रत्याभूति दिनुपर्छ। पर्यटनसँग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्टरूपले परिभाषित गरी एकअर्काको क्षेत्रमा अनधिकृत रूपमा गर्ने गरेका व्यावसायिक क्रियाकलापहरूको अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकार संवेदनशील हुनु आवश्यक छ।

नेपाली आकाशमा आन्तरिक र अन्तर्राष्ट्रिय उडानका लागि दिन प्रतिदिन प्रतिस्पर्धा बढ्दो छ। यो प्रतिस्पर्धामा निगमको उन्नति र अस्तित्वका लागि पनि साधन, स्रोत थप हुनु आवश्यक भएको छ। हाल निगमसँग रहेका विमानहरूले मात्र बजारको माग पूरा गर्न सक्ने अवस्था छैन। मागअनुसारको सिट तथा सेवा उपलब्ध गराउन नसक्दा निगमको बजार अंश घट्दै गएको छ। सेवाको विस्तारका साथै नियमितता र विश्वसनीयतामा असर पनि पर्न थालेको छ। विमान संख्याको सीमितता निगमको प्रमुख चुनौती रहेको छ। जहाज थप गर्नेतर्फ पनि ध्यान केन्द्रित हुनुपर्छ।

निगमले कार्ययोजना तयार गर्दा विमान थप्ने कुरालाई विशेष प्राथमिकतामा राखेको छ। निगमका गन्तव्यहरू खुम्चिँदै गएको र बजारको अंश घट्दै गएको सन्दर्भमा व्यवस्थापनले ध्यान पुऱ्याउनु पर्दछ। निगम व्यवस्थापनले समयबद्ध तथा चरणबद्धरूपमा विमानहरू थप्दै जाने कार्ययोजना बनाई तदनुरूप सक्रिय भएको छ। व्यवस्थापकीय सुधारतर्फ पनि निगम सक्रिय हुँदै आएको छ। नयाँ जनशक्तिको प्रवेशका साथै भएकालाई आवश्यक तालिम उपलब्ध गराई सक्षम एवं प्रतिस्पर्धी बनाउने कामलाई निरन्तरता दिइएको छ।

यी सब कुराहरूमा ध्यान दिँदै तदनुरूपको नीति निर्माण गर्नुका साथै अन्य सम्भावित मुलुकहरूमा बजार प्रवर्द्धन गर्नुपर्छ। नागरिक उड्डयन प्राधिकरणबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक स्वरूप एवं सुविधाको विकासका लागि अविलम्ब उपयुक्त कदम चालिनुपर्छ। खुला आकाश नीतिलाई कागजमा मात्र सीमित नराखी नियमित उडानहरूलाई प्राथमिकता दिई थप सुविधा र सहुलियत प्रदान गरिनुपर्छ।

प्राधिकरणले (हाल पार्किङ गरेर राखेको स्थान) पूर्वतर्फको खाली जग्गालाई सानातिना जहाजलाई उडान गर्न सक्नेगरी व्यवस्थित गर्न सकिन्छ भने गुह्येश्वरीतिर पुराना जहाजहरूलाई पार्किङ गर्न सकिन्छ। दक्षिणतर्फको हालको विमानस्थललाई लम्बाइतर्फ गरी १५ वटा विमान पार्किङ क्षेत्रबाट १६ देखि २० वटासम्म विमान व्यवस्थित तवरले राख्न सकिन्छ। सरकारले तीनकुनेदेखि जडीबुटीसम्म जतिसक्दो चाँडो भूमिगत सडक निर्माण गरी हवाईमार्गलाई लम्ब्याउन जरुरी छ। नेपाल आयल निगमको पेट्रोल भण्डारणलाई सिनामंगल क्षेत्र वा गुह्येश्वरीतर्फ सार्न आवश्यक छ।

निगममा विमान चालकहरूको अभाव ठूलो समस्या हो। हाल ३२०-२००, ३३०-२०० एयरबसका पाइलटहरू सीमित भएको हुँदा सक्दो जहाजका पाइलटलाई तालिममा पठाइ अद्यावधिक तवरले राख्नुपर्दछ। जहाजहरू थप्दै जाने रणनीति बनाउनु, वैदेशिक उडानहरू थप गर्दै जाने स्थिति रहनु, आन्तरिक उडान गर्नुपर्ने स्थलहरू वृद्धि हुँदै जानु, निजी क्षेत्रका वायुसेवाहरूसँग प्रतिस्पर्धामा उत्रनुजस्ता कारणहरूले निगमलाई चुनौती थपिएको बेलामा पाइलट र इञ्जिनियरहरूको अभाव हुनु सानो समस्या होइन।

निगमका पाइलटहरूलाई निजी कम्पनीहरूले आफूतिर लोभ्याउन आकर्षक तलब दिन थालेकाले हालसालै निगम व्यवस्थापनले पनि विमान चालकको तलबमा केही वृद्धि गरेता पनि यसरी गरिएको समाधान अस्थायी बाटोमात्रै हो। यसबाट पाठ सिकेर अब स्थायी बाटो खोज्नुपर्ने देखिएको छ। त्यसका लागि निगमभित्रकै कर्मचारीहरू अथवा निगमका कर्मचारीहरूमध्ये छोराछोरीलाई विमानचालक, इञ्जिनियर बनाउन निश्चित अवधिसम्म निगममा अनिवार्य काम गर्नुपर्ने गरी निगमले नै 'लगानी' गरिदिने र उत्तीर्ण भइसकेपछि त्यहीँ काम गर्ने व्यवस्था पनि गर्न सकिन्छ। निगमकाले यसतर्फ ध्यान दिनुपर्छ। यसो गर्न सकियो भने भविष्यमा पाइलट तथा इञ्जिनियर अभावको समस्या विस्तारै हट्दै जाने छ।

मट्याङ्ग्रो



✍ बैकुण्ठ भण्डारी

# जबजलाई विद्या कवच

दर्शक दिर्घाबाट तऽरऽऽ ताली बज्यो। मञ्चमा आसीन व्यक्ति खुसीले दंग देखिए। रातो कुर्सीमा बसेका राता मानवजस्ता मात्र देखिने मनभित्र काला मानिसहरू के सोच्दै थिए थाहा छैन। 'सायद उनीहरू त भ्याऽ भ्याऽ गर्ने भेडामात्र हुन्। त्यसले भुक्नमात्र आएका हुन्।' बाहिर बसेका एकजना सिर्लिक्क परेका लौका अनुहारका ढाका टोपी लगाएका व्यक्ति बकबकाउँदै थिए।

भित्र निकै गरमा गरम भाषण नचलेको कहाँ हो र ? तर सबै त्यो भाषण सुन्नका लागि कहाँ लालायित थिए। बाध्यकारी रूपमा बस्नुपर्ने भएकाले सुन्न मन नलागे पनि सुनिरहेको जसरी बसेका हुन्। यस्तै वर्षायाम सुरू हुँदै थियो। सिमसिम पानी परिरहेको थियो। त्यही पानीमा सडकमा दौडिरहेको एउटा गाडी चितवनको दासढुंगामा खसेको थियो। त्यहीँबाट 'जनताको बहुदलीय जनवाद' अस्त भएको थियो।

बाहिर रातो प्लास्टिकको कुर्सीमा बसेका ती लौकाजस्ता देखिने व्यक्ति ताली बजाउन आएका तर गाली गरेर बाहिर बसेकालाई सुनाउँदै थिए। हुन त अहिले टेलिभिजन हेर्ने भन्दा विदेशीले बिकाएको मोबाइलमा सामाजिक सञ्जाल चलाएर रमाउनेहरू धेरै छन्। उही पुराना व्यक्ति र टेलिभिजनको मर्म र सत्यतथ्यका बारेमा थाहा पाएकाहरूले मात्र टेलिभिजनका प्रसारित सामग्री हेर्ने गर्दछन्। त्यसैले जबजको कवच बन्न खोजेको जस्तो भानमा पुनः राजनीतिमा फर्किएकी विद्याको तुजुकलाई सामाजिक सञ्जालमा ध्वस्त पारेको देखिन्थ्यो।

असार १५, नेपालीहरू धान दिवसको उत्सव मनाइरहँदा राजधानीको सभागृहको मञ्चमा भने उही सत्ताको स्वादले फेरि जबजको कवच बन्ने प्रयास गरेको अभिनय मञ्चन भइरहेको थियो। त्यो यस्तो मञ्च हो जहाँ पञ्चायतकालमासमेत गाईजात्राका नामबाट लाकाहरूले हाँस्यव्यंग प्रयोग गर्थे र राज्यसत्ता चलाउनेलाई तीखो प्रहार गर्थे। असार १५, सभागृहको हलमा देखिएको अर्को लाका गाइजात्राको दृश्यजस्तै देखिन्थ्यो। विद्यालाई मदनको कवच बनाउने साहस बटुलेजस्तो गरेर विद्या, मदनको फोटोलाई साक्षी राखेर आफू कवच बन्न राजनीतिमा आउँदै थिइन्। उनी भन्दै थिइन्, 'म फेरि फर्किएँ !'

सायद उनी नफर्किए पनि केही बित्नेचाँहि थिएन। जनता जनार्दनले थाहा पाइसकेका छन् कि यिनीबाट केही पनि हुँदैन। पटक-पटक मन्त्रीहुँदै देशको पिता अर्थात् राष्ट्रपति बनिसकेको मान्छेलाई फेरि पार्टी आउन रहर लागेरमात्र हो।

जबज त त्यही बेला सकियो जुनबेला मदनलाई जीवराजसँग साक्षी राखेर त्रिसूलीमा फालियो। पटक-पटक सत्ता र शक्तिशाली पदमा रहेर पनि मदनको मान र सम्मानलाई बचाउन नसकेकी विद्याले अब फेरि राजनीति गरेर बचाउने ! अहिलेको पुस्ताले पत्याउँदैन महोदय विद्या, मन्त्रीदेखि यो देशको राष्ट्रपतिजस्तो शक्तिशाली पदमा बस्दा त मदनको जबजलाई हल्लाउँदै दासढुंगाको दोषीलाई कारबाही गर्न सकेनौं भने अब राजनीति गरेर जनता नझुक्याएकै राम्रो हुन्थ्यो।

सबैभन्दा अग्लो सगरमाथा। सगरमाथाको शिरसम्म पुगेको नेपाली त्यो भन्दा माथि जान सक्दैन। र, सम्भव पनि नहोला। जबजको फोटो टाँसेर राजनीति गर्नु त ठीकै होला। तर यत्रा वर्ष गर्न नसकेको काम अब गर्छु भन्नु सूर्यलाई हत्केलाले छेकेजस्तै पो हुने हो कि ?

जनता भ्रममा छैनन्। बुझेर बुझ पचाएका मात्र हुन्। राजनीति गर्नेलाई छुट त छँदै छ, के-के को छ छ ! प्रजातन्त्र प्राप्तिदेखि आजसम्मको दिनमा उही चार-पाँच जनाको घुमिफिरी राज चलिरहेको छ। त्यही भएर नि होला न त दासढुंगाका दोषी फेला परे, न त दरबार हत्याकाण्डका दोषी नै !

'अब जबजको कवच विद्या बन्ने ! यो कदापि हुनै सक्दैन,' उनले फेरि थपे। सायद उनको कुरा सुन्नेलाई मन परेन होला। भित्र जाऔं के-के पो भन्दै छन्। तर ती ढाकाटोपी लगाएकालाई सभागृहभित्रको हलमा छिर्न मनै छैन रे। फेरि के गर्न आको त भन्दा उनी भन्छन्, 'म पनि त कार्जेकर्ता हुँ। म झोले भने होइन। म त्यो झोला बोक्छु। जहाँ विचार प्रधान छ। तर अहिले त विचार होइन पद र सत्तामात्र प्रधान भएको छ। पद भए सबै ठीक पद नभए सबै बेठीक !'

गेटमा बसेका दुई हरिया ड्रेस लगाएका सिपाहीहरू सायद नगरप्रहरी हुनुपर्छ। ती बूढाका कुरा सुनेर अलमल्ल परेका थिए। एक सिपाहीले ती ढाकाटोपी लगाउनेलाई सोधे, 'कति धेरै असन्तुष्टि छ है तपाईंसँग ?' ती बूढाले भने, 'मलाई मात्र होइन म जस्ता धेरैलाई छ यो असन्तुष्टि।'

ती सिपाहीले सोधे, 'किन त त्यस्तो ?'

सत्ता र शक्तिको लोभीपापी नेतृत्वमा पुगे। वर्षौंदेखि देशका लागि भन्दा पनि आफ्नो स्वार्थका लागि जनतालाई प्रयोग गर्दै आए। न त जनताको अवस्था परिवर्तन भयो। विद्याको कवच पनि त्यही हो ? राष्ट्रपति बनिसकेको मान्छेलाई फेरि किन आउनु पऱ्यो राजनीतिमा ? सबैको सर्वमान्य भएर बस्नुपर्ने होइन ?

'हामी त बोल्न मिल्दैन, आदेशको पालना गर्ने सिपाहीले के गर्न सक्छ र हजुर उही आदेशको पालनामात्र हो,' सिपाहीले अलि निरीहजस्तै भएर भने। आदेशको पालना त हामी कार्जेकर्ता पनि गर्दै आइरहेका छौं। त्यसैले यिनीहरू सत्तामा पुगे। सत्ताको स्वाद चाखिसकेका यिनीहरू त्यो स्वादसधैं लिइरहन चाहन्छन्। त्यसैले यो अवस्था आएको हो।

सिपाही खासै बोल्न चाहेनन्। तर पनि भने, 'हो हजुर।' उनले मनको बह पोख्ने ठाउँ नै पाएका रहेन छन् कि क्या हो। सिपाहीलाई भने, 'देश यिनीहरूकै कारण बन्दैन म ठोकुवा गर्छु। बुझ्यौ भाइ ?

सिपाहीले टाउकोमात्र हल्लाए।

सत्ता र शक्तिमा बसेर केही गर्न नसक्ने राजनीति गर्नुपर्ने ! सत्ताबाहिर बस्न नसक्ने भएपछि फेरि उही जबजको चर्चा। विद्या कसरी बन्न सक्छिन् जबजको कवच ? बूढा एक्लै बोलिरहेका थिए। ती सिपाही मौनरूपमा सुनिरहेका थिए। सहमत जनाइरहको थिए। सायद बूढाको कुरा सुन्ने थिएनन्। उनी फलामे गेटबाट फुत्त निस्किए। उनी त निस्किए। सायद जबजलाई विद्याकै कवचले काम गर्ला !



**जलमग्न धनगढी** | आइतबार रातिदेखिको अविरल वर्षाका कारण जलमग्न भएको धनगढीको क्याम्पस रोडस्थित सडक । लगातारको वर्षाको कारण धनगढीको विशालनगर, मिलनचोक, शिवनगर, हसनपुर, क्याम्पस रोडलगायत आसपासका स्थानहरू जलमग्न भएका छन् । *तस्बिरः तिलकराज ओझा/रासस*

# जोखिमयुक्त यात्रा गर्न बाध्य धरान हरियालीका स्थानीय

■ संगीता राई

**धरान (सुनसरी)**– धरान उपमहानगरपालिका-८ मा अवस्थित हरियाली तीनढ्वांगे खहरे पुल भत्किएको एक वर्ष भइसक्दा पनि पुनर्निर्माण नहुँदा स्थानीय दैनिक ज्यान जोखिममा राखेर आवतजावत गर्न बाध्य छन् । २०८० चैतमा निर्माण सम्पन्न भएको उक्त पुल छ महिना नपुग्दै भत्किएको थियो । एक वर्ष बितिसक्दा पनि सम्बन्धित निकायले मर्मत वा पुनर्निर्माणमा कुनै पहल नगरेको भन्दै स्थानीयले गुनासो गरेका छन् ।

'वर्षदिन भयो पुल भत्किएको पैदल नै भए पनि यहीँबाट हिँड्नुपर्ने बाध्यता छ,' स्थानीय जीवन तामाङले भने, 'साना बच्चा, वृद्ध र बिरामी लिएर हिँड्दा निकै जोखिम हुन्छ, कहिले पुल बन्ला भन्ने आशामा छौं । अहिले बर्खा लागिसक्यो, खोलामा बाढी आउँछ भन्ने त्रास छ, तर विकल्प छैन ।'

उनका अनुसार पुल भत्किएपछि पैदल यात्रुले जोखिम मोलेर आवतजावत गरिरहेका छन्भने सवारीसाधनहरू वैकल्पिक बाटो प्रयोग गर्न बाध्य छन् । 'सवारीसाधनले त घुमाउरो बाटो समात्छन्, तर हामीजस्ता बूढापाका, बालबालिका र विद्यार्थीहरू जोखिम मोलेर हिँड्नुपरेको छ,' स्थानीय ७९ वर्षीय अमृत श्रेष्ठले भने, 'पुल नहुँदा बिरामी बोकेर अस्पताल लैजान एम्बुलेन्सलाई समस्या भएको छ ।' पहिले यही पुल प्रयोग गर्दा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुग्न छोटो दूरी थियो, अहिले वैकल्पिक घुमाउरो बाटो प्रयोग गर्दा बिरामी ढिलो पुग्ने र त्यसले गम्भीर असर पारिरहेको स्थानीयको भनाइ छ ।

वर्षायाम सुरू भइसकेकाले खहरे खोलामा बाढी थुनिएर बस्तीमा पस्न सक्ने खतरा बढेको छ । धरान बजार क्षेत्रको फोहोर पानी यही खोलामा मिसिने भएकाले करिब २०० घर प्रत्यक्ष बाढीको जोखिममा रहेको वडाध्यक्ष धनबहादुर राईले जानकारी दिए । उनका अनुसार वि.सं. २०१७ मा ब्रिटिस घोपा क्याम्प जान सहज होस् भनेर निर्माण गरिएको सो पुल अहिले पूर्णरूपमा भत्किएको छ । मदन भण्डारी राजमार्ग निर्माणका क्रममा नयाँ पुल नबनाई पुरानै पुलमाथि कालोपत्र गर्दा पुल भत्किएको उनको भनाइ छ ।



धरान उपमहानगरपालिकाका उपप्रमुख आइन्द्रविक्रम बेघाले पुलको स्थलगत निरीक्षण भइसकेको र हाल अस्थायीरूपमा क्याबिन राखी कल्भर्टमार्फत पानी बगाउने योजना बनाइएको बताए । उनले चाँडै पुल पुनर्निर्माणको प्रक्रिया सुरु गरी स्थानीयको समस्या समाधान गर्ने प्रयास भइरहेको बताए ।

मदन भण्डारी राजमार्ग निर्माण आयोजनाका इन्जिनियर घनश्याम खड्काका अनुसार २०८० मा सडक कालोपत्रे गर्दा पुल ठीकठाक देखिएपछि त्यहीँमाथि कालोपत्र गरिएको थियो । तर कल्भर्टमा प्रयोग गरिएको फलाम पुरानो भई खिया लागेकाले भाँचिएको उनले बताए । कल्भर्ट भाँचिएपछि अस्थायीरूपमा बनाइएको बाटो पनि पुनः बाढीले बगाएपछि साना सवारी र टेम्पो सञ्चालन गर्न मिल्नेगरी साइडबाट अस्थायी फलामको पुल बनाइएको उनले जानकारी दिए । स्थायी समाधानका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने प्रक्रिया अगाडि बढिरहेको र त्यसपछि नयाँ पुल निर्माण सुरू गरिने उनले बताए ।

उनका अनुसार पुल निकै पुरानो भएकाले त्यसको लागत र विवरण अभिलेखमा छैन । हालैको बाढीले खहरे खोलामा भित्री कटान बढाएपछि स्थानीयमा थप त्रास फैलिएको उनको भनाइ छ । खोलाले धेरै कटान गरिसकेको छ । नयाँ पुल निर्माण अत्यावश्यक छ । अध्ययन गरेर निर्माण गर्नुपर्छ र त्यसका लागि केही समय लाग्न सक्ने, इन्जिनियर खड्काको भनाइ छ ।

धरान बजार क्षेत्रका ढल खहरेमा मिसिने भएकाले बर्खामा पानीको बहाव अत्यधिक हुने र खहरेको धार परिवर्तन भई बस्तीमा पस्न सक्ने स्थानीयको चिन्ता छ । स्थानीयले पुलको पुनर्निर्माणमा शीघ्रता अपनाउन सरकार र सरोकारवाला निकायलाई आग्रह गरिरहेका छन् । पुल निर्माणमा ढिलाइ हुँदा जनधनको क्षति हुन सक्ने स्थानीयको भनाइ छ । *रासस*

# आँबुखैरेनी अस्पतालमा हाडजोर्नीको उपचार सुरू

**दमौली (तनहुँ)**– तनहुँको आँबुखैरेनी अस्पतालमा हाडजोर्नीको सेवा विस्तार गरिएको छ । गाउँपालिकाले सञ्चालन गरेको उक्त अस्पतालमा पालिकाकै आन्तरिक स्रोतबाट विशेषज्ञ चिकित्सकको व्यवस्था गरिएपछि उक्त सेवा विस्तार गरिएको हो ।




गाउँपालिकाले आन्तरिक स्रोतबाट हाडजोर्नी विशेषज्ञ डा. राजकुमार शाहलाई नियुक्त गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । अस्पतालमा सेवा विस्तार गर्ने क्रममा हाडजोर्नीका बिरामीलाई सहजरूपमा पालिकामै सेवा दिने उद्देश्यसहित हाडजोर्नी चिकित्सकको व्यवस्थापन गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका चुमानले बताए ।

चुमानले भने, 'पालिकास्तरीय अस्पतालमा नयाँ-नयाँ सेवा विस्तार गर्ने अभियानअन्तर्गत हाडजोर्नी तथा नशारोग विशेषज्ञलाई पालिकाकै आन्तरिक आम्दानीबाट तलब खुवाउनेगरी अनुबन्ध गरेका छौं । यसले आँबुखैरेनीका बासिन्दाले अब सहजरूपमा यससम्बन्धी सेवा पाउने छन् ।'

हाडजोर्नी तथा नशारोगको उपचारका लागि चितवन, पोखरा, काठमाडौं जानुपर्ने बाध्यताको अब अन्त्य हुने उनको भनाइ छ । उनले भने, 'विशेषज्ञ सेवा गाउँमै उपलब्ध गराउँदा जनताको समय, पैसा र श्रमको बचत हुने विश्वास लिएका छौं । यसले गुणस्तरीय स्वास्थ्य सेवा गाउँमै सुनिश्चित गर्ने अभियानलाई थप बल मिलेको छ ।'

अस्पतालका प्रमुख डा. डिबी क्षेत्रीले गाउँपालिकाले पूर्णकालीनरूपमा अनुबन्ध गरी हाडजोर्नी सेवा सुरु गरेको आँबुखैरेनी गण्डकी प्रदेशमै पहिलो अस्पताल रहेको दाबी गरे । यो सेवाले आँबुखैरेनीमात्र नभई छिमेकी पालिकाबाट वासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने उनको भनाइ छ ।

अस्पतालले विविध स्वास्थ्य सेवा विस्तार गर्दै लगेको छ । पछिल्लो पटक अस्पतालमा फिजियोथेरापी सेवा विस्तार गरिएको छ । फिजियोथेरापी सेवा सुरु भएसँगै यस भेगका जनतालाई सहज भएको छ । अस्पतालमा हाल दैनिक ३०० भन्दा बढी बिरामीले सेवा लिइरहेको बताउँदै क्षेत्रीले इमर्जेन्सीमा ४०, ल्याबमा ५० भन्दा बढी बिरामी दैनिकरूपमा रहने जानकारी दिए ।

गाउँपालिकाले २०७९ मंसिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १५ शयचाको अस्पताल सञ्चालन गरेको हो । अस्पतालले तनहुँको आँबुखैरेनीका अलवा जिल्लाकै बन्दीपुर, गोरखाको पालुङटार, सहिद लखन र चितवनको इच्छाकामनाका जनतालाई सेवा दिइरहेको छ । अस्पतालबाट चौबिसै घण्टा आकस्मिक सेवा, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसीलगायतका सेवा प्रदान गरिएको छ । अस्पतालमा एक जना एमडिजिपी, तीन जना मेडिकल अधिकृत र १३ नर्स कार्यरत छन् । *रासस*

# निकुञ्जमा जिप सफारी बन्द

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जले सोमबारदेखि निकुञ्जभित्र जिप सफारी बन्द गरेको छ । निकुञ्जले सूचना जारी गर्दै वन्यजन्तु तथा चराचुरुंगीको प्रजननको समय भएकाले सोमबारदेखि लागू हुनेगरी जिप सफारी बन्द गरेको जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार असोजको पहिलो वा दोस्रो सातासम्म जिप सफारी बन्द गरिएको हो । त्यतिबेला ठूलो वर्षा भएमा केही ढिलो खुल्ने भए पनि बर्सात कम भएमा असोजको पहिलो साता सफारी खुल्ने छ ।

वर्षाको समय जंगली जनावरका लागि प्रजननको समय मानिन्छ । मानिसहरू यस समयमा निकुञ्जभित्र प्रवेश गर्दा जंगली जनावरको बासस्थान तथा प्रजननमा पनि दखल पर्न सक्ने भन्दै निकुञ्जले जिप सफारी बन्द गरेको हो ।

मगरका अनुसार बर्खायामको समयमा निकुञ्जको बाटोहरू बिग्रिने तथा बाढी आउने हुँदा पर्यटकहरूको सुरक्षाकोसमेत मध्यनजर गरिएको हो । निकुञ्ज प्रशासनले हरेक वर्ष बाढीको समयमा व्यावसायिक जिप सफारी बन्द गर्ने गरेको छ । निकुञ्जको सौराहा क्षेत्रबाट ३२, कसराबाट २१, मेघौलीबाट ११ र नवलपरासीबाट नौवटा जिपले निकुञ्जभित्र पर्यटक घुमाउने गर्दछन् । निकुञ्जबाहिरका मध्यवर्ती वन क्षेत्रमा जिप सफारी नियमित सञ्चालन हुने छ ।

# इच्छाकामनाका ४५ चेपाङ परिवारलाई घर



**चितवन (प्रस)**– इच्छाकामना गाउँपालिकाले ४५ चेपाङ परिवारलाई घर हस्तान्तरण गरेको छ । गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङका अनुसार तीन करोड १९ लाख ६३ हजार रूपैयाँको लागतमा ती घर निर्माण गरिएको हो ।

उनका अनुसार वडा नम्बर १ मा सात, वडा नम्बर २ मा पाँच, वडा नम्बर ३ मा पाँच, वडा नम्बर चारमा छ, वडा नम्बर ५ मा पाँच, वडा नम्बर ६ मा आठ र वडा नम्बर ७ मा नौ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको छ । वडा नम्बर ४ को खैरहनीटारस्थित कमला चेपाङलाई हस्तान्तरण गर्न निर्माण गरिएको घरमा कार्यक्रमको आयोजना गरी सबै परिवारलाई घर हस्तान्तरण गरिएको हो । त्यस अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले क्रमशः ग्रामीण क्षेत्रका विपन्न परिवारलाई घर निर्माण गर्नुपर्ने बताए ।

गाउँपालिका अध्यक्ष गुरुङले वडाहरूले छनोट गरेका परिवारलाई कार्यपालिकाले निर्णय गरी घर निर्माण गरेको बताए । गत आर्थिक वर्षमा २२ वटा घर निर्माण गरेकोमा चालु आवमा दोब्बर संख्यामा घर बनाइएको हो ।

अधिकांश पहाडी भूभाग रहेको इच्छाकामनामा बहुसंख्यक चेपाङ बसोबास गर्छन् । घर हस्तान्तरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष माया सिलवालसहित वडा अध्यक्षलगायत स्थानीयको सहभागिता रहेको थियो ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१७**

यस कम्पनीको मिति २०८२/०१/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्काई स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (**प्रा.लि.नं.३५७४४०**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**युएइमा रोजगार** कम्पनी : Stalwart Facility and Security Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१५ | LT. No. 326439 | चलानी नं.६०२४०४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1100 | ४०,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196

**मलेसियामा रोजगार** कम्पनी : BOSS CUTZ BARBER SHOP

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326321 | चलानी नं. ६०२४०३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1700 | ५५,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BOSS CUTZ BARBER SHOP

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326320 | चलानी नं. ६०२४०३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1700 | ५५,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**युएइमा रोजगार** कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 313677 | चलानी नं. ६०२२८००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 50 | 0 | 1200 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GEN. BUILDING LABOR | 50 | 0 | 900 | ३३,५१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WINNER HR SOLUTION PVT.LTD
Chakrapath, Bhatbhateni, Opposite to Indreni foodland Kathmandu, Nepal, Tel : 01-5911104,
Mob: 9841991638, 9851026746, 9808182308, 9845398895, E-mail : winnerhrsolution2078@gmail.com
Govt. License 1537/078/079

**साउदीमा रोजगार** कम्पनी : United Advanced General Cont. Co.

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326484 | चलानी नं.६०२४०४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३६,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

**युएइमा रोजगार** कम्पनी : AGNICE CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326434 | चलानी नं.६०२४०५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 7 | 0 | 1400 | ५२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 72 | 0 | 1150 | ४२,८२५ | | | | | | | |
| 3 | Mason For Plaster ./ Block | 7 | 0 | 1400 | ५२,१३० | | | | | | | |
| 4 | Reinforce Fitter (Steel Fixer) | 7 | 0 | 1400 | ५२,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1592/079/080
Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal, Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com

**युएइमा रोजगार** कम्पनी : SHAPOORJI PALLONJI MIDEAST LLC

पूर्व स्वीकृति मिति : २०८०/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 297501 | चलानी नं. ६०२१२५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 13 | 0 | 900 | ३३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAPOORJI PALLONJI MIDEAST LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 310879 | चलानी नं. ६०२२५४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Fitters | 21 | 0 | 1200 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Siraha, Siraha Municipality, Shalhesh Training Center मा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।
Jhapa, Birtamode, Jhapa Technical Instititute Pvt.Ltd. मा मिति: २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ ।
Dhanusha, Janakpur Sub-metro, Astha Institute & Training Center, Ramanand Chowk मा मिति: २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।
Dhanusha, Janakpur Sub-metro, Muskan Training Center मा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

**साउदीमा रोजगार** कम्पनी : GOOD CAFE TO PROVIDE MEALS EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326468 | चलानी नं. ६०२४०४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Agent | 2 | 0 | 1200 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AI JAWHARA AI AWWAL SERVING BEVERAGES EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326469 | चलानी नं. ६०२४०४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage | 2 | 0 | 1000 | ३६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROSE DONUT SHOP TO SERVE DRINKS

पूर्व स्वीकृति मिति : २०८२/०३/१६ | LT. No. 326470 | चलानी नं. ६०२४०४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage | 2 | 0 | 1200 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

# प्रभाव दैनिक





### 'राष्ट्रिय चलचित्र दिवस' असोज १५ मा मनाइने

अब प्रत्येक वर्ष असोज १५ गते 'राष्ट्रिय चलचित्र दिवस'को रूपमा मनाइने भएको छ । नेपाल चलचित्र विकास बोर्डको २५ औं वार्षिकोत्सवको अवसरमा सोमबार यसको औपचारिक घोषणा गरिएको हो । असार १३ बसेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार यो घोषणा गरिएको हो । यसअघि असोज १ गतेलाई राष्ट्रिय चलचित्र दिवस मनाउने भनिए पनि असोज १५ घोषणा गरिएको हो ।





मंगलबार, १७ असार, २०८२ (Tuesday, July 01, 2025)


## 'वर्ल्ड जुनियर टुरिजम एम्बेसडर'को उपाधि अदृत र निर्भयलाई



■ प्रभाव संवाददाता

**काठमाडौं** – मलेसियामा आयोजित अन्तराष्ट्रिय प्रतियोगीता 'वर्ल्ड जुनियर टुरिजम एम्बेस्डर २०२५'मा नेपालका दुई बालकले एक शीर्ष सहित बिभिन्न उपाधि जित्न सफल भएका छन् । प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै सहभागी अदृत कुँवरले 'प्रिन्च जुनियर टुरिजम एम्बेसडर २०२५'को शिर्ष उपाधि जित्दा सोही प्रतियोगीतामा सहभागी अर्का बालक निर्भय श्रेष्ठले फष्ट रनरअपको उपाधि हासिल गरे ।

प्रतियोगीतामा शीर्ष उपाधि जितेको कुँवरले 'बेष्ट क्याटवाक अवार्ड' र 'बेष्ट इन स्पीच अवार्ड'समेत हात पार्दा श्रेष्ठले 'बेष्ट टुरिजम भिडियो अवार्ड' जित्न सफल रहे । क्वालालम्पुरमा जुन २३ देखि २७ सम्म आयोजना हुने कार्यक्रमका लागि श्रेष्ठ र कुँवरलाई रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले प्रतियोगीतामा सहभागी गराएको हो ।

'वर्ल्ड जुनियर टुरिजम एम्बेसडर' विश्वका विभिन्न देशका बालबालिका सहभागी हुने अन्तर्राष्ट्रिय प्रतियोगिता हो । दुवैले प्रतियोगितामा नेपाली कला-संस्कृतिको प्रचारप्रसार गर्दै नेपालको पर्यटन प्रवर्द्धन समेत गरेका छन् । प्रतियोगितामा विशेषतः कुँवरले नेपाली 'लाखे' र श्रेष्ठले नेपाली मौलिक बाजा 'मादल'को प्रचार गरेका थिए ।

दुवैले प्रतियोगिताका लागि नेपालका सम्पदा, कला-संस्कृति र एडभेन्चर पर्यटनको प्रवर्द्धन गर्ने भिडियो सामग्रीसमेत तयार पारेका थिए । जसले अन्तर्राष्ट्रिय प्रतियोगीहरूलाई नेपालप्रति आकर्षित गरेको बताइन्छ ।

प्रतियोगितामा बालबालिकासँगै अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजु पनि सहभागी थिए । दुवै बालक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको 'मिलेनियम किड्स इन्टर नेसनल २०२५'का विजेता हुन् । प्रतियोगितामा सहभागी कुँवर र श्रेष्ठको फेसन कन्सेप्ट डिजाइनर श्रीषा बैदारले तयार गरेकी हुन् ।

## यी हुन् सर्वाधिक आम्दानी गर्ने २५ नेपाली चलचित्र

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल चलचित्र विकास बोर्डको २५ औं वार्षिकोत्सवको अवसरमा अहिलेसम्मकै सर्वाधिक आम्दानी गर्ने २५ नेपाली फिल्मको सूची सार्वजनिक गरिएको छ । यो सूचीमा मुकुन भुसाल र विजय बराल अभिनीत 'पूर्णबहादुरको सारंगी' सबैभन्दा धेरै कमाइ गर्ने नेपाली फिल्मको रूपमा पहिलो स्थानमा रहेको छ ।

निर्देशक सरोज पौडेल र निर्माता विनोद पौडेल, रमेश चौलागाईं सहितको टोलीले तयार गरेको सो फिल्मले ४६ करोड ८७ लाख ४१ हजार ४९७ रूपैयाँ आम्दानी गरेको सोमबार आयोजित कार्यक्रममा जानकारी दिइयो ।

त्यस्तै, दोस्रो स्थानमा बासुरी फिल्म्सको 'कबड्डी ४' रहेको छ । जसले २१ करोड ४० लाख ७५ हजार २१० रूपैयाँ कमायो । तेस्रोमा विराज भट्ट फिल्म्स प्रालिको '१२ गाउँ' पर्दछ । उक्त फिल्मले १९ करोड ९२ लाख ७७ हजार ७६३ रूपैयाँ आम्दानी गरेको छ ।

सूचीअनुसार चौथो स्थानमा 'छक्का पन्जा ४' छ जसले १७ करोड ५३ लाख २ हजार ६११ रूपैयाँ कमायो भने पाँचौं स्थानमा 'जारी' फिल्म छ जसले १७ करोड ४८ लाख १ हजार ४५९ रूपैयाँ व्यापार गरेको छ । यसरी सार्वजनिक सूचीमा २५औं स्थानमा रहेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' ले ७ करोड ३२ लाख २० हजार रूपैयाँ कमाएको छ ।

नेपाल चलचित्र विकास बोर्डले यो अवसरमा सबैभन्दा बढी आम्दानी गर्ने फिल्मका निर्माता, निर्देशक तथा कलाकारहरूलाई सम्मानसमेत गरेको छ ।



### सर्वाधिक कमाउने २५ फिल्म

- सेभेन सिज सिनेमाज : पूर्णबहादुरको सारंगी (४६ करोड ८७ लाख ४१ हजार ४ सय ९७ रूपैयाँ)
- बासुरी फिल्म्स : कबड्डी ४ (२१ करोड ४० लाख ७५ हजार २ सय १० रूपैयाँ)
- विराज भट्ट फिल्म्स प्रालि : १२ गाउँ (१९ करोड ९२ लाख ७७ हजार ७ सय ६३ रूपैयाँ)
- आमा सरस्वति मुभिज : छक्का पन्जा ४ (१७ करोड ५३ लाख २ हजार ६ सय ११ रूपैयाँ)
- जारी : (१७ करोड ४८ लाख १ हजार ४ सय ५९ रूपैयाँ)
- आमा सरस्वति मुभिज : छक्का पन्जा (१६ करोड १० लाख २२ हजार ३ सय ५० रूपैयाँ)
- महाजात्रा : म्याक्स (१५ करोड ६७ लाख ९९ हजार ६ सय १४ रूपैयाँ )
- आमा सरस्वति मुभिज प्रालि : छक्का पन्जा ५ (१५ करोड २० लाख ३६ हजार ८ सय ८३ रूपैयाँ )
- नेपा मुभिज प्रालि : कोहिनुर ( १४ करोड ७५ लाख ५० हजार २ सय ५४ रूपैयाँ)
- आमा सरस्वति मुभिज : छक्का पन्जा २ (१४ करोड ५१ लाख ५४ हजार २ सय ३० रूपैयाँ)
- महसञ्चार : शत्रु गते (१२ करोड ६५ लाख ८२ हजार १ सय ३५ )
- आर्टमांडू प्रालि : ऊनको स्विटर (११ करोड ६ लाख ७६ हजार ६ सय २१ रूपैयाँ )
- बासुरी फिल्म्स : कबड्डी कबड्डी ( १० करोड ३५ लाख ३२ हजार २० रूपैयाँ )
- केकी अधिकारी फिल्म्स : बोक्सीको घर (१० करोड १० लाख २० हजार ९ सय १७ रूपैयाँ )
- रोहित अधिकारि फिल्मस : छ माया छपक्कै (९ करोड ९२ लाख ८७ हजार १ सय ३९ रूपैयाँ)
- सिनेमा आर्ट्स : दिमाग खराब (८ करोड ९८ लाख ६ हजार ९ सय ७ रूपैयाँ)
- मुन लभ इन्टरनेटमेन्ट : अञ्जिला (८ करोड ८३ लाख ५९ हजार ८ सय ४५ रूपैयाँ )
- नारायण इन्टरटेनमेन्ट : परदेशी २ (७ करोड ९२ लाख ३८ हजार २ सय ४० रूपैयाँ)
- आमा सरस्वती मुभिज : छक्का पन्जा ३ (७ करोड ८३ लाख ८ हजार रूपैयाँ)
- आसुसेन फिल्म्स प्रालि : प्रेम गीत ३ (७ करोड ६३ लाख ४५ हजार ३ सय ९२)
- बासुरी फिल्म्स : कबड्डी कबड्डी कबड्डी (७ करोड ५९ लाख ५० हजार ६ सय ९२ रूपैयाँ)
- किङ्डम नेटवर्क प्रालिः पुजार सार्की (७ करोड ३८ लाख २३ हजार १ सय ८७)
- षटकोण आर्ट्स : महापुरूष (७ करोड ३५ लाख ७९ हजार ८ सय ८५ रूपैयाँ )
- ब्ल्याक हर्स पिक्चर्स - कबड्डी (७ करोड ३४ लाख ९५ हजार २ सय ५० रूपैयाँ)
- टुकी आर्ट्स प्रालिको- पशुपति प्रसाद २ : भष्मे डन (७ करोड ३२ लाख २० हजार व्यापार)

# रंगशाला

## राष्ट्रिय खेलकुद सम्मान र खेलकुद पत्रकारिता पुरस्कार प्रदान



■ प्रभाव संवाददाता

**काठमाडौं**– युवा तथा खेलकुद मन्त्रालयले प्रदान गर्ने राष्ट्रिय खेलकुद सम्मान २०८२ तथा खेलकुद पत्रकारिता पुरस्कार सोमबार एक समारोहका बीच वितरण गरिएको छ ।

यस वर्ष राष्ट्रिय खेलकुद सम्मानबाट खेलाडी, प्रशिक्षक, निर्णायक र चिकित्सक गरी विभिन्न ९ जनालाई सम्मान गरिएको छ। उनीहरूलाई जनही १ लाख रूपैयाँसहित सम्मानपत्र प्रदान गरिएको हो ।

सम्मानित हुनेमा मानमती विष्ट (कबड्डी), प्रेम बहादुर लिम्बु (तेक्वान्दो), वीर बहादुर महरा (तेक्वान्दो), अनुजा कुलुङ राई (कबड्डी), दिपा शाही (फुटबल), भरत सिंह महता (पारा तेक्वान्दो), कविराज नेगी लामा (पारा तेक्वान्दो प्रशिक्षक), राजु डंगोल महर्जन (खेल चिकित्सक), र धनकुमार मैनाली (खेल निर्णायक) रहेका छन् ।

त्यस्तै, खेलकुद पत्रकारिताको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने पत्रकार श्रीलोचन राजोपाध्याय (नयाँ पत्रिका) लाई खेलकुद पत्रकारिता सम्मान प्रदान गरिएको छ । उक्त सम्मानको राशी ५० हजार रूपैयाँ रहेको छ ।

साथै, खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार अन्तर्गत विभिन्न प्रदेशका ९ जना पत्रकारलाई जनही २५ हजार रूपैयाँसहित सम्मान गरिएको छ । सम्मानित पत्रकार हरूमा मुकुन्द घिमिरे (कोशी), शरद चन्द्र भट्टराई (मधेश), विक्रम कुमार बानियाँ (बागमती), दिनानाथ बराल (गण्डकी), स्वस्तिक श्रेष्ठ (लुम्बिनी), दिनेश कुमार बुढा (कर्णाली), दिनेश बहादुर विष्ट (सुदूरपश्चिम), नमिता दाहाल (समावेशी महिला) र रूपा गहतराज (समावेशी) रहेका छन् ।

## कप्तान किरण ब्राण्ड एम्बेसडर

**काठमाडौं (प्रस)**– नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका कप्तान तथा गोलकिपर किरण चेम्जोङ आइटी सुत्र इन्कको ब्रान्ड एम्बेसडर नियुक्त भएका छन् ।

अमेरिकामा मुख्यालय रहेको र ११ वर्षदेखि प्रविधि क्षेत्रमा नवप्रवर्तनकारी समाधानहरू प्रदान गर्दै आएको आईटी कन्सल्टिङ कम्पनीले किरणलाई ३ वर्षका ब्रान्ड एम्बेसडर नियुक्त गरेको हो ।

सम्झौता ३० लाख रूपैयाँ बराबरको रहेको उल्लेख गर्दै आइटी सुत्रले यो सम्झौताले प्रविधि र खेलकुद दुई क्षेत्रलाई जोडेको बताइएको छ । कम्पनीको मुख्य उद्देश्य नेपाली प्राविधिक क्षमतालाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनु रहेकोले किरणको प्रतिबद्धता, अनुशासन र अन्तर ाष्ट्रिय छविले कम्पनीको मिसनलाई थप बल पुऱ्याउने विश्वास लिएको बताइएको छ ।

कम्पनीका सिइओ पंकज श्रेष्ठले सहकार्यबारे भने, 'किरण चेम्जोङ खेलकुदको मैदानमा मात्रै होइन, हरेक नेपाली युवाका लागि प्रेरणाको स्रोत हुन् । उनको अटल समर्पण र विश्वास कम्पनीको मूल्य मान्यतासँग मेल खान्छ । यो केवल एउटा व्यावसायिक सम्झौता मात्र नभई नेपाली प्रतिभालाई प्रविधि र खेलकुद दुवै क्षेत्रमा अगाडि बढाउने हाम्रो साझा प्रतिबद्धता हो ।'

## ६३ कराते खेलाडी श्रीलंका प्रस्थान

■ प्रभाव संवाददाता




**काठमाडौं**– नवौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली सोमबार श्रीलंकाको कोलम्बो प्रस्थान गरेको छ ।

श्रीलंकाको कोलम्बोमा जुलाइ २ देखि ७ तारिखसम्म हुने प्रतियोगितामा ६३ खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । खेलाडीसहित टोली ७३ सदस्यीय रहेको छ ।

थाइल्यान्ड ओपन कराते च्याम्पियनसिपमा सहभागी खेलाडीसहितको टोली भने थाइल्यान्डबाटै प्रतियोगितामा सहभागी हुन श्रीलंका जाने छन् । नेपालमा भएको सातौं संस्करण र भुटानमा भएको आठौं संस्करणमा नेपाल टिम च्याम्पियन बनेको थियो ।

टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष ध्रुव आचार्य, राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल कराते महासंघका अध्यक्ष एवं राखेपका पूर्व सदस्य-सचिव युवराज लामा, महासचिव दावा गुरुङलगायत एक कार्यक्रमबीच बिदाइ गरे ।

## भूपेन्द्र र सुदेनलाई बेलायतमा पदक

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाली कुङफु खेलाडी भूपेन्द्र गुरुङ र सुदेन गुरुङले पदक जितेका छन् । बेलायतको चेल्टेनह्यामममा भएको प्रतियोगितामा भूपेन्द्रले ३ स्वर्ण र सुदेनले रजत जितेका हुन् । भुपेन्द्रले ट्रेडिसनल चाइनिज फममा २६.७ , ट्रेडिसनल वेपनमा २७ र ट्रेडिसनल क्रिएटिभ फममा २६.८ अंक जोड्दै स्वर्ण जितेको नेपाल उमा कुङफु संघका अध्यक्ष संजीतकुमार राईले जनाएका छन् । भूपेन्द्रले यसअघि पनि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन् ।

सदेनले ट्रेडिसनल चाइनिज फममा रजत जिते । उनले २६.१ स्कोर गरे । सुदेनको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोयगता हो । प्रतियोगितामा नेपालसहित जर्मनी, स्पेन, वेल्स, फ्रान्स, भारत, स्विट्जरल्यान्ड, नेडरल्यान्ड, कोस्टारिका, इस्टोनियालयागत राष्ट्रबाट ४ सय १५ खेलाडीले सहभागिता जनाएको अध्यक्ष राईले बताए ।





स्पेनको म्याड्रिडस्थित एउटा पार्कमा रहेको फोहोरामा झुम्मिएका मानिसहरू । यहाँ शनिबारदेखि गर्मी नयाँ चरणमा पुगेको छ, धेरै क्षेत्रहरूमा आगामी दिनहरूमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । *तस्बिर: सिन्ह्वा*

# भारत–पाकिस्तान विवादले फिल्म र संगीतप्रतिको साझा भावनामा प्रभाव

**लाहोर, पाकिस्तान–** भारत र पाकिस्तानका आणविक सम्पन्न सेनाहरूबीचको द्वन्द्वले दुई देशबीचको साझा सांस्कृतिक भावनामा चोट पुऱ्याएको छ । दुई देशबीच राजनीतिक रूपमा द्वन्द्व लामो समयदेखिको निको पार्न नसकिएको घाउ बनेको भए पनि त्यहाँका नागरिकको फिल्म र संगीतप्रति साझा भावना रहँदै आएको देखिन्छ ।

दुई देशबीच सबैभन्दा खराब मानिएको मे महिनाको सुरुमा भएको घातक लडाइँले कलाकारहरूको मनोविज्ञानलाई प्रभावित गरेको अनुभव भएको छ । नेताहरूबीचको वैमनस्यताबाट फिल्मी र सांगीतिक क्षेत्र पनि अछूतो रहन सकेन । पाकिस्तानी ऱ्यापर तथा कमेडियन अली गुल पिरले केही वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मजाक गर्दै एउटा गीत सार्वजनिक गरेका थिए । उनको युटचुब च्यानल र इन्स्टाग्राम प्रोफाइल भारतमा मे महिनामा ब्लक गरिएको थियो । 'डिजिटल स्पेसले पाकिस्तानी र भारतीयबीच पुलको काम गर्छ भन्ने कुरा अहिले भारतीयहरूले बुझेका छन् र उनीहरू त्यो सम्बन्ध तोड्न चाहन्छन्,' पिरले एएफपीसँग भने ।

भारत प्रशासित काश्मिरमा गत अप्रिलमा पर्यटकमाथि भएको घातक आक्रमणपछि द्विपक्षीय सम्बन्ध बिग्रिएको भारतीय दाबी छ । पाकिस्तानले उक्त आरोपको खण्डन गरेको छ । मे महिनामा आपसी कूटनीतिक प्रतिशोधपछि युद्धविराम हुनुअघि दुई देशबीच चार दिनसम्म युद्ध भएको थियो ।

पाकिस्तानी गायिका अनुरल खालिदले पनि आफ्नो भारतीय फलोअर्स कम भएको पाएपछि पहिलोपटक संगीत उद्योगलाई प्रभावित गरेको महसुस गरेको बताइन् । 'स्पोटिफाईमा मेरा मासिक ३१ लाख श्रोता छन् । प्रतिबन्धअघि दिल्ली मेरो संगीत सबैभन्दा बढी सुन्ने सहर थियो,' खालिदले एएफपीसँग भनिन्, 'मैले भारतीय दर्शकमाझ ठूलो क्षति बेहोर्नुपऱ्यो । संगीतलाई यस्तो चीजमा परिणत गरियो । यो गलत हो । श्रोताहरू अहिले संगीत सामग्रीबाट वञ्चित भएका छन् ।'

सन् २०१७ मा भारतमा स्पोटिफाईमा रिलिज भएको फिल्म 'रइस' को 'साउण्डट्र्याक' जस्ता केही पूर्व आदानप्रदानलाई पनि द्वन्द्वले समेटेको थियो । फिल्ममा पाकिस्तानी सहकलाकार माहिरा खानलाई हटाइएको छ । भारतीय अभिनेता शाहरूख खानलाई मात्र देखाइएको छ ।



## समान आघात

पाकिस्तानले हरेक वर्ष कडा सेन्सरसिप नियमअन्तर्गत औंलामा गन्न सकिनेमात्र फिल्म निर्माण गरिरहेको छ, बलिउड सधैं दर्शकमाझ लोकप्रिय सावित भएको छ । 'म बलिउड हेरेर हुर्केको हुँ,' पाकिस्तानी फिल्म समीक्षक सजीर शेखले भने, 'हामीसँग एउटै पीडा छ, हाम्रो इतिहास उस्तै छ, हामीसँग एउटै कथा छ ।'

पाकिस्तानी अभिनेता र निर्देशकहरूले दशकौंदेखि बलिउडमा आफ्नो स्थान बनाउनुलाई अन्तिम मान्यताका रूपमा हेरिरहेका छन् । तर यसै महिना भारतीय अभिनेता दिलजीत दोसाँझले आफ्नो पछिल्लो फिल्म 'सरदार जी ३' सार्वजनिक गरेका थिए । यसमा चार पाकिस्तानी कलाकार छन् । नयाँदिल्लीले पाकिस्तानी सामग्री र कलाकारहरूलाई प्रोडक्सनमा प्रतिबन्ध लगाएपछि 'विदेशमा मात्र' प्रदर्शन हुने छ ।

पाकिस्तानका फवाद खान र भारतीय अभिनेत्री वाणी कपुर अभिनीत प्रेमकथामा आधारित फिल्म 'अबिर गुलाल' मे ९ मा रिलिज हुने तय भए पनि रिलिज स्थगित गरिएको थियो । पहिले सीमापार कलात्मक व्यापारलाई समर्थन गर्ने उद्योगका केही व्यक्तिले पनि गत महिना आफ्नो स्वर परिवर्तन गरेका थिए । 'अब, क्रिकेट, फिल्म, सबै कुरामा प्रतिबन्ध लगाइनुपर्छ,' पाकिस्तानी फ्यान र फलोअर भएका भारतीय अभिनेता सुनील शेट्टीले भने ।

उनले सन् २००४ को चलचित्र 'मै हुँ ना' मा अभिनय गरेका थिए । यसले भारत र पाकिस्तानबीच शान्तिलाई सूक्ष्मरूपमा बढावा दिन्छ । पाकिस्तानमा रहेको दक्षिण एसियाको म्युजिक लेबल वार्नर ब्रदर्सका असिस्टेन्ट म्यानेजर दुआ जाहराले भने, 'राजनीतिका लागि यो वास्तवमै दुर्भाग्यपूर्ण कुरा हो ।'

## आउनुस्, कलामात्र बनाऔं

काश्मिर आक्रमणपछि नयाँदिल्लीले केही पाकिस्तानी युटचुब च्यानलमाथि प्रतिबन्ध लगाएको थियो जसमा निजी प्रसारक एचयुएम टिभी पनि सामेल थियो । करिब ४० प्रतिशत दर्शक भारतीय रहेको बताउने च्यानलले आफ्ना फ्यानहरूलाई भिपिएनको प्रयोग गरेर च्यानल हेर्ने काम जारी राख्न भनेको छ । एक दशकभन्दा अघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पदभार ग्रहण गरेदेखि धेरै भारतीय आलोचक र फिल्म निर्माताहरूले बलिउडले अब उनको सरकारको हिन्दू राष्ट्रवादी विचारधारालाई मात्र बढावा दिइरहेको बताएका छन् ।

द्वन्द्वले सांस्कृतिक परिदृश्यमा विभाजन सिर्जना गरेको भएता पनि व्यापार कायम रहने संकेतहरू छन् । युद्धविरामको एक महिनापछि तीन भारतीय फिल्म नेटफ्लिक्स पाकिस्तानमा शीर्ष १० स्थानमा थिए भने भारतमा शीर्ष २० वटा ट्रेण्डिङ गीतमा दुई पाकिस्तानी गीत परेका छन् । *रासस/एएफपी*

# क्यानडाद्वारा अमेरिकी प्रविधि फर्महरूमाथिको कर लगाउने घोषणा फिर्ता

**ओटावा–** अमेरिकी प्रविधि कम्पनीहरूलाई असर पार्ने करहरू क्यानडाले फिर्ता लिने घोषणा गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा घोषणा गरेका कर वृद्धिको वदलामा अमेरिकी कम्पनीहरू अल्फाबेट र अमेजनमाथि कर लगाउने क्यानडाको घोषणाले दुई देशबीचको व्यापार वार्ता रद्द गरेर प्रतिकार गर्न उत्प्रेरित गरेको थियो ।

गत वर्ष लागू गरिएको डिजिटल सेवा करले अल्फाबेट र अमेजनजस्ता अमेरिकी सेवा प्रदायकहरूले सोमबारसम्ममा क्यानडामा अर्बौं डलरको भुक्तानी गर्नुपरेको विश्लेषकहरूले बताएका छन् । वासिङ्टनले यसअघि करको विषयमा विवाद समाधान गर्न वार्ताका लागि अनुरोध गरेको थियो तर शुक्रबार राष्ट्रपति ट्रम्पले करको बदलामा ओटावासँगको व्यापार वार्ता अन्त्य गर्न लागेको बताएका थिए ।

क्यानडाले आफ्नो नयाँ करवृद्धि दर यसै हप्ताभित्र थाहा पाउने चेतावनी पनि उनले दिएका थिए । ओटावाले यो करसम्बन्धी घोषणालाई आइतबार खारेज गरेको छ, जुन पाँच वर्षमा ५९ अर्ब क्यानडेली डलर (करिब ४२ अर्ब अमेरिकी डलर) ल्याउने अनुमान गरिएको थियो ।



संयुक्त राज्य अमेरिकासँग व्यापक पारस्परिक लाभप्रद व्यापार व्यवस्थाको प्रत्याशामा क्यानडाले डिजिटल सेवा कर (डिएसटी) खारेज गर्ने घोषणा क्यानडाका अर्थमन्त्री फ्राँस्वाँ फिलिप स्याम्पेनले गरेका छन् । ट्रम्प र क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले सन् २०२५ को जुलाई २१ सम्ममा सम्झौतामा सहमति जनाउने उद्देश्यले वार्ता पुनः सुरु गर्ने सहमति भएको विज्ञप्तिमा उल्लेख छ । यसबारे ह्वाइट हाउस वा अमेरिकी राष्ट्रपति ट्रम्पको तर्फबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले शुक्रबार सिएनबिसीसँगको कुराकानीमा कार्नी सरकारले 'सद्भावना संकेतको रूपमा' कर रोक्ने आशा वासिङ्टनले गरेको बताएका थिए ।

राष्ट्रपति ट्रम्पले अन्य देशमाथि लगाएको करबाट क्यानडालाई केही हदसम्म जोगाइएको तर उसले छुट्टै कर नीतिको सामना गरिरहेको बताए । जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले स्टिल, आल्मुनियम र कारको आयातमा पनि भारी कर लगाएका थिए । क्यानाडा संयुक्त राज्य अमेरिकालाई विदेशी इस्पात र आल्मुनियमको सबैभन्दा ठूलो आपूर्तिकर्ता हो ।

गत हप्ता कार्नीले यदि ३० दिनभित्र द्विपक्षीय व्यापार सम्झौता हुन नसकेमा ओटावाले अमेरिकी स्टिल र आल्मुनियममा आफ्नो २५ प्रतिशत प्रतिशोधात्मक कर वृद्धि गरी अमेरिकी धातुमा कर दोब्बर गरी ५० प्रतिशत पुऱ्याइने बताएका थिए । कार्नीले शुक्रबार भनेका थिए, 'हामी क्यानेडियालीहरूको सर्वोत्तम हितमा यी जटिल वार्ताहरू जारी राख्नेछौं ।' यसअघि उनले वार्तामा 'अमेरिकासँगको व्यापारिक सम्बन्धलाई स्थिर बनाउने' र 'क्यानडेली कम्पनीहरूका लागि अमेरिकी बजारमा तयार पहुँच' र 'बाँकी विश्वसँग हाम्रो लेनदेनको सन्दर्भमा हाम्रो हात नबाँध्ने' बताएका थिए ।

कार्नी र ट्रम्पबीच यसै महिनाको सुरुमा क्यानडामा भएको जी-सेभेन शिखर सम्मेलनका क्रममा भेटवार्ता भएको थियो । शिखर सम्मेलनका नेताहरूले ट्रम्पलाई दण्डित व्यापार युद्धबाट पछि हट्न दबाब दिएका थिए । दर्जनौं देशले हालको १० प्रतिशतबाट बढेका अमेरिकी कर वृद्धिका लागि जुलाई ९ को समयसीमा तोकेका छन् । समयसीमा अगावै उनीहरूबीच सफलतापूर्वक सम्झौता हुन्छ कि हुँदैन, त्यो हेर्न बाँकी नै छ । वासिङ्टनले सेप्टेम्बरसम्ममा व्यापार सम्झौताका लागि आफ्नो कार्यसूची पूरा गर्न सक्ने बताउँदै थप सम्झौताहरू सम्पन्न हुन सक्ने संकेत बेसेन्टले गरेका छन् । *रासस/एएफपी*

# 'जलवायु अराजकता र द्वन्द्वग्रस्त संसार'मा सहायता बढाउन गुटेर्रेसको आग्रह

**सेभिल (स्पेन)–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले सोमबार अन्तर्राष्ट्रिय समुदायलाई 'असमानता, जलवायु अराजकता र उग्र द्वन्द्वले हल्लाएको संसार' मा 'विकासको इञ्जिनलाई पुनर्जीवित गर्न' सहयोग गर्न आग्रह गरेका छन् ।

संयुक्त राज्य अमेरिकाको नेतृत्वमा रहेका धनी दाता देशहरूले द्वन्द्व र आर्थिक अस्थिरताले उनीहरूको खर्च प्राथमिकतालाई परिवर्तन गरेपछि सहायता बजेट कटौती गरेका छन् वा घटाउने योजना बनाएका छन् । यो कटौतीले विकासोन्मुख देशहरूमा स्वास्थ्य, शिक्षा र मानवीय कार्यक्रमहरूको प्रगतिलाई प्रभावित पार्ने जोखिम छ । तीमध्ये धेरै पहिले नै भारी ऋणको बोझमुनि संघर्ष गरिरहेका छन् ।




स्पेनमा संयुक्त राष्ट्रसंघको सहायता सम्मेलनको उद्घाटन गर्दै गुटेर्रेसले प्रतिनिधिहरू यस क्षेत्रलाई प्रभावित पार्ने 'विशाल प्रतिकूल हावा' को सामना गर्दै 'लगानी तीव्र पार्न विकासको इञ्जिनलाई मर्मत र पुनरुत्थान गर्न' भेला भएको बताए । 'ती चुनौतीमा 'सुस्त अर्थतन्त्र, बढ्दो व्यापार तनाव र विनाशकारी सहायता बजेट, असमानता, जलवायु अराजकता र उग्र द्वन्द्वले हल्लाएको विश्व' समावेश थियो,' उनले भने ।

सन् २०३० का लागि अन्तर्राष्ट्रिय समुदायले तय गरेको विकास लक्ष्यको दुईतिहाइ 'पछाडि' रहेको र त्यसलाई हासिल गर्न वार्षिक ४० खर्ब डलरभन्दा बढी लगानी आवश्यक पर्ने गुटेर्रेसले बताए । संकटको मतलब बालबालिकाले खोप नपाउनु, छात्राहरूले स्कुल छोड्नु र परिवारहरूले भोकमरी भोग्नु परेको छ भन्दै उनले संसारलाई 'दिशा परिवर्तन' गर्न आग्रह गरे ।

दक्षिणी सहर सेभिलमा जुन ३० देखि जुलाई ३ सम्म चल्ने चौथो अन्तर्राष्ट्रिय विकास वित्तपोषण सम्मेलनका लागि दर्जनौं विश्व नेताहरू भेला भएका थिए । यो एक दशकमा यस्तो सबैभन्दा ठूलो वार्ता हो । यो सभाले गरिबी र भोकमरी उन्मूलन, लैंगिक समानताको प्रवर्द्धन, कर प्रणाली र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सुधारको प्रतिबद्धतालाई पुनः पुष्टि गर्ने दस्तावेज अपनाउने छ । तर संसारको मुख्य विदेशी सहायता दाता संयुक्त राज्य अमेरिकाले यस कार्यक्रमलाई बेवास्ता गरिरहेको छ । *रासस/एएफपी*

# बंगलादेशको सबैभन्दा ठूलो बन्दरगाह पुनः सञ्चालनमा

**ढाका–** भन्सार अधिकारीहरूले करिब ४८ घण्टासम्म सामानको निर्यात र आयातमा बाधा पुऱ्याएको हडताल फिर्ता लिएपछि बंगलादेशको सबैभन्दा ठूलो बन्दरगाहले सोमबार पुनः सञ्चालन सुरु गरेको छ ।

संयुक्त कर आयुक्त र एनबिआर सुधार एकता परिषद्की सचिव सेहेला सिद्दिकाले चटगाँव र अन्य सबै बन्दरगाहमा गतिविधिहरू पुनः सुरु भएको पुष्टि गरिन् । 'बन्दरगाहहरू अहिले पूर्णरूपमा सञ्चालनमा छन् र देशभर सञ्चालन भइरहेका छन्,' सिद्दिकाले भनिन्, 'सबै कर्मचारी काममा फर्केका छन् ।'

देशको कर संकलन प्राधिकरण राष्ट्रिय राजस्व बोर्ड (एनबिआर) का कर्मचारीहरूको एउटा वर्गले एजेन्सीमा सुधार गर्ने अन्तरिम सरकारको कदमको विरोधमा एक महिनाभन्दा बढी समयदेखि विरोध प्रदर्शन गर्दै आएको छ । सरकारको प्रस्तावमा एनबिआर खारेज गरेर कर नीति निर्माण र कर संकलनलाई नियन्त्रण गर्न दुईवटा छुट्टै निकाय स्थापना गर्ने समावेश छ ।

सप्ताहन्तमा, केही एनबिआर कर्मचारीले भन्सारलगायत विभिन्न विभागमा काम रोक्दै 'पूर्ण बन्द' सुरु गरे । सरकारले कडा कारबाहीको धम्की दिएपछि कामदारहरूले काम पुनः सुरु गरे । व्यापारिक समूहहरूको मध्यस्थतामा एनबिआर कर्मचारी र अर्थ मन्त्रालयबीच घण्टौंको गहन वार्तापछि आइतबार राति गतिरोध समाप्त भयो ।

एनबिआरका वरिष्ठ अधिकारी हसन मुहम्मद तारिक रिकाबदारले सरकारको सकारात्मक प्रतिबद्धतापछि हडताल फिर्ता लिएको बताए । 'राजस्व व्यवस्थापनमा सुधारका लागि सल्लाहकार समिति गठन गर्ने सरकारको निर्णयलाई हामी स्वागत गर्दछौं र यसमा सक्रियरूपमा सहभागी भएर प्रक्रियामा योगदान गर्ने आशा गर्दछौं,' उनले आइतबार राति पत्रकारहरूलाई भने ।

यसैबीच, भ्रष्टाचार निवारण आयोग (एसिसी) ले गैरकानुनी सम्पत्ति जम्मा गरेको आरोपमा रिकाबदार सहित छ जना एनबिआर अधिकारीविरुद्ध अनुसन्धान सुरु गरेको छ । उनीहरूमाथि घुसको बदलामा कर छली गर्नेहरूलाई सहयोग गरेको आरोप लगाइएको छ । 'प्रमाणित आरोपहरूका आधारमा, एसिसीले अनुसन्धान सुरु गऱ्यो,' एसिसी महानिर्देशक एमडी अख्तर होसेनले भने । *रासस/एएफपी*

# 'जलवायु संकटले जीवनको अधिकारमा गम्भीर असर पार्दै'

**जेनेभा–** दक्षिणी युरोपमा तीव्र गर्मीको लहर चलिरहेका बेला संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टुर्कले जलवायु परिवर्तनले मानिसको जीवन र अधिकारमा गम्भीर खतरा उत्पन्न गराइरहेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्लाई सम्बोधन गर्दै उनले भने, 'जलवायु संकट भनेको मानवअधिकारको संकट हो । तापक्रमको वृद्ध, समुद्री सतहको बढ्दो मात्रा, बाढी, खडेरी र डढेलोले जीवन, स्वास्थ्य, स्वच्छ, स्वस्थ र दिगो वातावरणमा बाँच्न पाउने अधिकारसहित अन्य धेरै अधिकारहरूमा असर पुऱ्याइरहेका छन् ।'

उच्चायुक्त टुर्कले युरोपमा देखिएको हालको गर्मीको लहरले जलवायु परिवर्तनसँग जुध्न आवश्यक तयारी तथा उपायहरू अपनाउन सबैको ध्यान जानुपर्ने बताए । उनले जीवाश्म इन्धन प्रयोग गर्ने उद्योगहरूले गलत प्रचार र झूटा समाधानमार्फत वास्तविकता लुकाउने प्रयास गरिरहेको, साथै वातावरणीय क्षतिबाट ध्यान हटाएर मुनाफा कमाइरहेकोप्रति चिन्ता व्यक्त गरे । उनले यस्ता उद्योगलाई जवाफदेही बनाउने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिए ।

'प्राकृतिक स्रोतको दुरूपयोगबाट लाभ उठाउने व्यक्तिहरू र संस्थाहरूले त्यसको मूल्य तिर्नुपर्छ,' उनले भने । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८८१०० | प्रति तोला – ० | प्रति तोला – २१५० |



**रोपाइँमा व्यस्त किसान** | भोजपुरको पौवादङमा गाउँपालिका-१ तिलाहरमा बेठी लगाएर रोपाइँ गर्दै किसान । पूर्वी नेपालगायत देशभर वर्षा भएसँगै धान रोप्ने क्रम जारी रहेको छ । *तस्बिरः युवराज विष्ट/रासस*

# ‘सन् २०३० सम्ममा पाँच लाख हरित रोजगारीको लक्ष्य’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले प्रकृतिमा आधारित व्यवसाय, स्थानीय आविष्कार र कम कार्बन उत्सर्जन मार्फत सन् २०३० सम्ममा पाँच लाख हरित रोजगारी सिर्जना गर्ने राष्ट्रिय लक्ष्य रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को आयोजनामा सोमबार काठमाडौँमा आयोजित उत्थानशीलको लागि परामर्श : जैविक अर्थतन्त्र र चक्रीय अर्थतन्त्रमा भुटान नेपाल संवाद कार्यशालाको उद्घाटन गर्दै उपाध्यक्ष अधिकारीले योजना आयोगका नीति र साझेदारीले वास्तविक परिणामहरू सुनिश्चित गर्न धेरै महत्व राख्ने भएकाले यस कार्यमा योजना आयोग कटिबद्ध रहेको जानकारी दिए ।

उनले नेपाल र सम्पूर्ण हिन्दु कुश हिमाली क्षेत्रका लागि समावेशी, दिगो र लचिलो भविष्य निर्माण गर्ने साझेदारीमा मिलेर लगानी गर्नुपर्ने बताउनु हुँदै हरित रोजगारी, जलवायु-स्मार्ट उद्यमहरू गर्न, र इकोसिस्टम निर्माण गर्न नेपाल कटिबद्ध रहेको बताए ।




उनले साझा अनुभवहरू र आपसी शिक्षाले पहुँच लाभ साझेदारी, र चक्रीय अर्थव्यवस्थाहरूमा सहकार्यका लागि नयाँ ढोका खोल्ने समेत बताए । ‘हामीले यो बुझ्नु आवश्यक छ कि उद्यमशीलता केवल एक आर्थिक गतिविधि मात्र होइन-यो समावेशी र जलवायु-लचिलो विकासको एक शक्तिशाली चालक पनि हो, नेपाल सरकारले राष्ट्रिय नीति र कार्यक्रमबाट यसबारे स्पष्ट पारेको छ’ उपाध्यक्ष अधिकारीले भने ।

उपाध्यक्ष अधिकारीले आफूहरूसँग अहिले स्टार्टअप र इनोभेसन नीतिहरू रहेको भन्दै यसबारेमा पछिल्ला वर्षहरूमा, नेपालले महत्वपूर्ण आधार तयार पारेको जानकारी दिए ।

उनले उद्यमशीलतामा इकोसिस्टमसङै मेन्टरसिप ल्याउनु आवश्यक रहेको भन्दै मेन्टरसिपलाई वैकल्पिक सेवाको रूपमा हेर्न नहुने तर यसलाई हाम्रो अर्थव्यवस्था र समुदायहरूलाई रूपान्तरण गर्ने रणनीतिको रूपमा अँगाल्नु पर्ने समेत विचार व्यक्त गरे । व्यवसायीहरूले पहिलोपटक नेपालको उद्यमशीलता इकोसिस्टममा मेन्टरसिपलाई संस्था बनाउन साहसी कदम चालेको हुँदा यो एउटा कोसेढुंगा रहेको समेत बताए ।

मेन्टरसिपमा लगानीबाट हामीले स्थानीय समस्याहरू समाधान गर्ने, सभ्य काम सिर्जना गर्ने र प्रकृति र समुदाय दुवैलाई सम्मान गर्ने व्यवसायहरू निर्माण गर्ने जनताको क्षमतामा लगानी गर्न सकिने दाबी गरे । उक्त कार्यशालामा भुटान चेम्बर अफ कमर्स, नेसनल बायोडाइभर्सिटी सेन्टर र नेपालका उद्यमीहरूको सहभागिता रहेको छ ।

# बेइजिङमा नेपालको पर्यटन प्रवर्द्धन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनको राजधानी बेइजिङमा नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ । नेपाल पर्यटन बोर्डले बेइजिङ अन्तरराष्ट्रिय पर्यटन प्रदर्शनी (बीआइटिई) २०२५ मार्फत नेपाल गन्तव्यको प्रवर्द्धन गरेको हो । नेपाल पर्यटक स्वागतका लागि प्रकृति, संस्कृति र साहसिकताको अद्वितीय संयोजनसहित तयार रहेको सन्देश दिइएको छ ।

बेइजिङको चाओयाङ जिल्लास्थित चाइना इन्टरनेश्नल एक्जिविसिज सम्पन्न तीनदिने प्रदर्शनीका क्रममा बोर्डका वरिष्ठ प्रबन्धक सुमन घिमिरेले नेपाल प्रकृति, संस्कृति, साहसिकता र पाहुना सत्कारको अनुपम संयोजनसहित पर्यटक स्वागतका लागि तयार रहेको बताउनुभयो । उहाँले छिमेकी मुलुक चीन नेपालका लागि पहिलेदेखि पर्यटकीय स्रोत मुलुक भएकाले स्वागतका लागि तयार भएको उल्लेख गर्दै नेपालले कला, संस्कृति, होलिडे, बुद्धिजमलगायत विषयलाई पर्यटन प्याकेजमा राखेकोसमेत उल्लेख गरे ।

२७ जुनदेखि सुरू भएको प्रदर्शनीका क्रममा बोर्डले नेपालको आध्यात्म, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यलाई सशक्त रूपमा अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गरेको हो । प्रदर्शनीमा आएका पर्यटन व्यवसायी र अवलोकनकर्ताहरूले नेपालको सफ्ट एड्भेन्चर, सांस्कृतिक परिपथ, आध्यात्मिक गन्तव्य तथा छोटो अवधीका विश्राम भ्रमणहरूमा गहिरो चासो देखाएको बोर्डले विज्ञप्तिमार्फत जनाएको छ । नेपालप्रति देखिएको विशेष आकर्षणलाई प्रतिविम्बित गर्दै, नेपालको पविलियनलाई ’बेस्ट पपुलारिटी अवार्ड’ समेत प्रदान गरिएको थियो ।

बोर्डका अनुसार पहिलो दुई दिन बीटुबी नेटवर्किङ र अन्तिम दिन बीटुसी अन्तरक्रियालाई लक्षित गरी प्रदर्शनी गरिएको थियो । नेपाल पर्यटन बोर्डले प्रदर्शनीको साइडलाइन सत्रमा एक विशेष गन्तव्य प्रस्तुतीका क्रममा चिनियाँ पर्यटन व्यवसायीसँग सहकार्य गर्दै नेपाली भ्रमणलाई ‘लाइफटाइम एक्सपेरियन्स’ बनाउने सन्देश पनि दिएको छ ।

नेपाल पविलियन यहाँको समृद्ध सांस्कृतिक र ऐतिहासिक सम्पदा, हिमाली रोमाञ्चक अनुभवहरू तथा विविध पर्यटकीय सम्भावनाहरूलाई आकर्षक शैलीमा चित्रण गरिएको थियो । सहभागी निजी पर्यटन व्यवसायीहरूले पनि नेपालका उत्कृष्ट ट्राभल प्याकेजहरू प्रस्तुत गर्दै पर्यटकलाई बहुआयामिक अनुभव दिने क्षमताको बारेमा जानकारी गराएका थिए ।

बीआटीई-२०२५ मा नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, बेइजिङस्थि नेपाली दूतावासका उपनियोग प्रमुख रोशन खनाल, आर्थिक मामिला विभागबाट पार्वती अर्याल तथा अन्य उच्च अधिकारीहरूले नेपाल पविलियन अवलोकन गरेका थिए ।

नेपाली प्रतिनिधिमण्डलले माल्दिभ्स र रुसको सेन्ट पिटर्सबर्गका पर्यटन व्यवसायीसँग द्विपक्षीय पर्यटन प्रवर्द्धनका लागि छलफलसमेत गरेका थिए । बोर्डले आगामी दिनमा यी सम्पर्क र अन्तरक्रियालाई प्रभावकारी कार्यान्वयनमा रूपान्तरण गर्दै बेइजिङलगायत आसपासका सहरहरूबाट नेपाल आउने पर्यटकको संख्यामा वृद्धि हुने विश्वास लिएको छ ।

## बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा उच्च वृद्धि गरेको छ । निगमले सोमबार मध्यरातदेखि लागू हुने गरि पेट्रोलमा ५ रूपैयाँले मूल्यवृद्धि गरेको हो ।

त्यस्तै, मट्टितेल र डिजेलमा ४ रूपैयाँ र हवाई इन्धनमा प्रतिलिटर ७ रूपैयाँले मूल्य बढेको निगमले विज्ञप्ति जारी गर्दै जानकारी गराएको छ । निगमद्वारा जारी सूचनाअनुसार पेट्रोलको मूल्य १६० प्रतिलिटरबाट बढेर १६५ रूपैयाँ प्रतिलिटर पुगेको छ भने डिजल र मट्टितेलको १४५ रूपैयाँबाट बढेर १४९ प्रतिलिटर पुगेको छ । त्यसका साथै हवाई इन्धन आन्तरिकतर्फ ११८ बाट बढाएर १२५ पुऱ्याएको जनाएको छ ।

# ३६ करोडको रासायनिक मल बिक्री

**धनुषा (प्रस)–** कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम शाखाले चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्म रु ३६ करोड ३९ लाख ६३ हजारको रासायनिक मल बिक्री वितरण गरेको छ । कम्पनीका अनुसार हालसम्म रु १४ करोड ३० लाख २२ हजारको युरिया, रु २२ करोड २४ लाख ६५ हजारको डिएपी र रु ८४ लाख ७५ हजारको पोटास बिक्री वितरण गरेको कार्यालयका निमित्त कार्यालय प्रमुख बेचन साहले बताए ।

कार्यालयका अनुसार आव २०८१/८२ देखि हालसम्म कम्पनीले आठ हजार एक सय ७२ मेट्रिकटन युरिया प्राप्त गरेको प्रमुख साहले भने । यसैगरी डिएपी पाँच हजार दुई सय ५८ मेट्रिकटन र पोटास दुई सय ९७ मे.टन प्राप्त गरेको हो ।

प्रमुख साहका अनुसार प्राप्त रासायनिक मलबाट कम्पनीले हालसम्म युरिया आठ हजार चार सय आठ दशमलव एक सय ५० मेट्रिकटन, डीएपी चार हजार आठ सय ३५ दशमलव एक सय ५० मेट्रिकटन र पोटास दुई सय ४९ दशमलव दुई सय मेट्रिकटन मलखाद्य बिक्री वितरण गरिएको छ । साहका अनुसार गत वर्षको बाँकी मौज्दात युरिया ९६२.५ मेट्रिकटन, डीएपी ८३.७५० मेट्रिकटन र पोटास ९८ दशमलव पाँच सय मेट्रिकटन रहेको थियो ।

# तनहुँ जलविद्युत्को मुख्य बाँध निर्माण हुँदै

**तनहुँ–** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माण कार्य धमाधम भइरहेको छ । परम्परागत जलाशययुक्त प्रणालीमा आधारित यस आयोजनाले नेपालको जलविद्युत् इतिहासमा पहिलो ‘कंक्रिट’युक्त बाँध निर्माण कार्य अघि बढाएको हो ।

आयोजनाका अनुसार मुख्य बाँध एक सय ४० मिटर अग्लो हुनेछ । हाल आयोजनास्थलमा बाँधको फाउन्डेसनमाथि औसत १० मिटर उचाइसम्म कंक्रिट ब्लकहरू उठाइसकिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । उनले भने, ‘बाँध निर्माणको क्रममा मास कंक्रिटिङमा तापमान नियन्त्रण अति संवेदनशील हुने भएकाले अत्याधुनिक प्रविधिमार्फत तापमान सन्तुलन गरेर काम गर्ने गरिएको छ ।’

प्रमुख भण्डारीका अनुसार बाँधको संरचना अत्यन्तै जटिल र दीर्घकालीन सुरक्षासँग जोडिएको भएकाले तापमान नियन्त्रणमा विशेष ध्यान दिइएको हो । उनले भने, ‘अब बाँधको उचाइ क्रमशः बढाउँदै लगिएको छ, अबको दुई वर्षभित्र कंक्रिट राख्ने कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।’

प्याकेज-१ अन्तर्गत बाँध निर्माण र सेती नदी ‘डाइभर्सन’को काम पूरा गरी बाँधमा कंक्रिट राख्ने कार्य भइरहेको सो आयोजनाले जनाएको छ । प्याकेज-१ को ४२ दशमलव ५ प्रतिशत भौतिक प्रगति हासिल गरिएको छ ।

प्याकेज-१ को निर्माण सोङदा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल, जेभीले गरिरहेको छ । यस प्याकेजअन्तर्गत रिभर डाइभर्सन, स्लोप कटिङ, साइड व्यवस्थापन र दुई ठूला डाइभर्सन टनेल खन्ने कार्य सकिएका कारण भौतिक प्रगति बढेको हो ।

तीनवटा प्याकेजमा निर्माण कार्य धमाधम भइरहेको छ । आयोजनाको समग्रमा ६७ प्रतिशत भौतिक प्रगति भइसकेको सो आयोजनाले जनाएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ ।

यसका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार-नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

आयोजनाबाट विद्युत् उत्पादन सुरू भएको पहिलो १० वर्षसम्म वार्षिक औसत विद्युत् उत्पादन ५८ करोड ७७ लाख र त्यसपछि ४८ करोड ९९ लाख युनिट उत्पादन हुने अनुमान गरिएको आयोजना प्रमुख भण्डारीले बताए ।

त्यसैगरी, प्याकेज-२ अन्तर्गत योजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका संरचना निर्माण गरिएको छ । यस योजनाको निर्माणको जिम्मा सिनो हाइड्रो कर्पोरेसन चीनले पाएको छ ।

त्यसैगरी, प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेसनल लिमिटेड, भारतले गरिरहेको छ । *रासस*

**मानसिक स्वास्थ्य प्रति सचेत बनौं**

- निराश हुनु,
- तनाव तथा चिन्तित महसुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- पसिना आउनु,
- गहिरो निद्रा नपर्नुलगायत मानसिक रोगका लक्षण हुनसक्छन् ।

**मानसिक समस्या निदानका लागि:**

- नियमित व्यायाम गरौं,
- आफ्ना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषसँग परामर्श गरौं ।

‘स्वस्थ्य मन, सुखी जीवन’

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ